राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– ३१, अङ्क– १५, कात्तिक २१ गते शुक्रबार, २०८२ (7 November, 2025) | www.janajibro.com | मूल्य रु. १०।-

# माओवादी–समाजवादी र केही समूहबीच एकता

## एकता अस्वीकार गर्दै जनार्दन शर्मा र घनश्याम भुसाल नेतृत्वका बेग्लाबेग्लै अभियान सुरू

■ जनजिब्रो संवाददाता

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र), नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) सहित थप केही समूहहरूबीच पार्टी एकता भएर 'नेपाली कम्युनिस्ट पार्टी' गठन भएको छ । बुधबार भृकुटीमण्डपमा आयोजित एकता घोषणा सभामार्फत माओवादी केन्द्र, एकीकृत समाजवादी, नेपाल समाजवादी पार्टी (महेन्द्र समूह), जनसमाजवादी पार्टी नेपाल, नेपाल कम्युनिस्ट पार्टी (चिरन समूह), नेकपा (माओवादी समाजवादी) र नेकपा (साम्यवादी) सहितका वाम समूहहरूबीच एकताको घोषणा गरिएको हो ।



एकतापछि पार्टीको नाम 'नेपाली कम्युनिस्ट पार्टी' राखिएको छ। एकता घोषणा सभामा माओवादी केन्द्रका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड', एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र सम्मानित नेता झलनाथ खनाल, माओवादीका वरिष्ठ नेता नारायणकाजी श्रेष्ठ, एकीकृत समाजवादीका वरिष्ठ नेता वामदेव गौतम, नेपाल समाजवादी पार्टीका अध्यक्ष महेन्द्र राय यादव लगायत शीर्ष नेता तथा कार्यकर्ता सहभागी भए। एकीकृत पार्टीको मार्गनिर्देशक सिद्धान्त मार्क्सवाद-लेनिनवाद र कार्यक्रम नेपाली विशेषताको वैज्ञानिक समाजवाद राखिएको जानकारी दिँदै चुनाव चिह्न 'पाँचकुने तारा' हुने जानकारी दिइएको छ ।

घोषणासभामा एकीकृत समाजवादीका नेता एवं एकता संयोजन समितिका सदस्य प्रमेश हमालले सुशासन, सामाजिक न्याय र आर्थिक रूपान्तरण गर्दै समाजवादी क्रान्तिको लक्ष्य पूरा गर्न वृहत् कम्युनिस्ट आन्दोलनको एकीकरण आजको आवश्यकता भएकाले विभिन्न वाम घटकबीच एकता भएको बताए । पुँजीवादी जनवादी क्रान्तिका उपलब्धिको रक्षा, राष्ट्रिय स्वाधीनताको संरक्षण, सुशासन, सामाजिक न्याय, सामाजिक-आर्थिक समृद्धि र

क्रमशः अन्तिम पृष्ठमा

# मंसिरभित्रै महाधिवेशन नगरे केन्द्रीय समिति भंग गर्न माग

**काठमाडौं ।** नेपाली कांग्रेस पार्टीको विधानअनुसार आगामी मंसिरभित्र नियमित महाधिवेशन हुन नसके केन्द्रीय समितिका सबै पदाधिकारी र सदस्यले राजीनामा दिनुपर्ने नेताहरूले माग गरेका छन् । बिहीबार राजधानीमा आयोजित विभिन्न जिल्लाका सभापतिको सक्रियतामा १५औं महाधिवेशन बृहत दबाबमूलक भेला कार्यक्रममा कांग्रेस नेताहरूले तोकिएको समयमा महाधिवेशन हुन नसके त्यसको जिम्मेवारी नेतृत्वले मात्र नभई सिंगो केन्द्रीय कार्यसमितिले लिनु पर्नेमा जोड दिएका हुन् ।

कांग्रेस जिल्ला कार्यसमिति भक्तपुरका सभापति पूर्वसांसद दुर्लभ थापाको सभापतित्वमा सम्पन्न भएको सो भेलामा महोत्तरी सभापति नागेन्द्र यादव, रौतहट सभापति जितेन्द्र यादव, बागलुङ्का सभापति जीत शेरचन, कागेश्वरी मनोहरा नगरपालिकाका नगरप्रमुख समेत रहेका काठमाडौं क्षेत्र नं. २ का पूर्वसभापति उपेन्द्र कार्की, वर्तमान क्षेत्रीय सभापति जयकृष्ण महर्जनलगायतले विधानले तोकेको समय आगामी मंसिरभित्र पार्टीको नियमित महाधिवेशन नभए केन्द्रीय समितिका सबैले राजीनामा दिएर तदर्थ समिति गठन गरी महाधिवेशन गर्नुपर्नेमा बताएका हुन् ।

भेलामा नेपाल विद्यार्थी संघ (नेविसंघ) का पूर्वमहामन्त्री दीपक भट्टराई, नेपाल तरुण दलका केन्द्रीय सदस्य देव लामा, नेविसंघका पूर्वकेन्द्रीय सदस्यद्वय बद्री अर्याल र दीपक सोनी, कांग्रेस महाधिवेशन प्रतिनिधि गीता गुरुङ, पाटन बहुमुखी क्याम्पसका पूर्वस्ववियु सभापति लाओसकुमार राईलगायतले मंसिरभित्र नियमित महाधिवेशन गर्न नसके केन्द्रीय समिति भंग गरी तदर्थ समिति गठन गरिनुपर्ने, युवाका नाममा २० वर्ष अघिदेखि तीन जना व्यक्तिको मात्र प्रतिनिधित्व भइरहने परिपाटीको अन्त्य गर्न माग गरेका थिए ।

**केन्द्रीय समिति बैठकमा धारणा राख्ने क्रम जारी**

असोज २८ देखि आरम्भ भएको नेपाली कांग्रेस केन्द्रीय कार्यसमिति बैठकमा नेताहरूले धारणा राख्ने क्रम जारी रहेको छ । कांग्रेसको केन्द्रीय मुख्यालय सानेपामा कार्यवाहक सभापति पूर्णबहादुर खड्काको सभापतित्वमा बुधबार बिहान बसेको कार्यसमिति बैठकमा नेताहरूले आ-आफ्ना भनाइ राखेका हुन् । बैठकमा सहमहामन्त्री फरमुल्लाह मन्सुर, केन्द्रीय सदस्यहरू प्रकाशमान सिंह, पद्मनारायण चौधरी, जीवनबहादुर शाही, सुरेन्द्रराज पाण्डे, शङ्कर भण्डारी, कृष्णकिशोर घिमिरे, तारामान गुरुङ, आङ्गेलु शेर्पा, मदनबहादुर अमात्य, चन्द्रबहादुर केसी, अब्दुल सत्तार, उदयशंशेर राणा, अञ्जनी श्रेष्ठ, चम्पादेवी खड्का, जावेदा खातुन जागाले आ-आफ्ना भनाइ राखेका हुन् ।

क्रमशः अन्तिम पृष्ठमा

# विप्लवलाई सत्ताको दुर्व्यसनबाट जोगाऔं !

**समय- सन्देश**

दीर्घप्रसाद पाण्डे

पदार्थ वा वस्तुहरूलाई जस्तो छ, त्यस्तै रूपमा हेर्नु-बुझ्नु नै भौतिकवादी दृष्टिकोण हो । दुर्व्यसन एक खराब रोग हो । मानिस कुनै दुर्व्यसनमा फस्यो भने त्यसबाट बाहिर निस्कन धेरै गाह्रो पर्छ ।

कुरा २०२६-२७ तिरको हो, हामी 'राजकाज मुद्दा' मा जेलमा थियौं । त्यसैबेला बजारका सबभन्दा धनी, प्रतिष्ठित व्यक्तिका छोरा (जसका छोरा-छोरी समेत थिए) जेलमा आए । उनको परिवार अहिले पनि प्रतिष्ठित मानिन्छ, उनका सन्तान राजनीतिमा पनि उच्च स्थानसम्मै पुगेका छन् (उनीहरूको मान-इज्जतको ख्याल गरी नाम-वतन उल्लेख गरिएन) । उनी चोरी केसमा जेल आएका रहेछन्, जबकि उनको सम्पत्तिले सयौं परिजारलाई जीवनभर खान-लाउन पुग्ने अवस्था थियो । उनी कुखरा चोरेर जेल आएका रहेछन् । जेल सजाय पनि पन्ध्र दिन मात्र तोकिएको थियो, त्यसपछि उनी छुटे ।

छुटेको दस-पन्ध्र दिनपछि चोरीको केसमै फेरि जेल आए । हामीले भन्यौं- तिमी करोडौंका मालिक छौ, फेरि के चोरेर जेल आयौ ? उनले भने- साथीहरूको लहैलहैमा लागेर रक्सी खाएको तालमा कुखुरा चोरेको थिएँ । पुलिसले होइन, पिताजीले नै रिसको झोंकमा जेल पठाउन लगाए । अब बाहिर इष्टमित्र-साथीभाइहरूक अगाडि म चोर भएँ । उनीहरूले मलाई राम्रो नजरले हेर्दैनन्, म साथीभाइबिहीन एक्लो भएँ । यहाँ पाँच-छ सय कैदीबन्दीहरू छन्, यिनीहरूका अगाडि मलाई हीनताबोध हुँदैन । बाहिर बेइज्जति भएर बस्नुभन्दा मलाई यहीं ठीक लाग्यो । यसपटक चाहिँ उनी छिमेकीको गाग्री देख्ने गरी नै चोरेर जेल आए । यो उनले 'पटके चोर' को सजायस्वरूप एक वर्षको सजाय पाए । त्यसपछि 'फेरि जे होला…' भन्थे । पछि उनी जेलमै मरेछन् ।

मैले यो प्रसङ्ग किन उठाएको हुँ भने, मानिस एकपटक दुर्व्यसनमा फस्यो भने त्यसबाट बाहिर

क्रमशः दोस्रो पृष्ठमा

> विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

जनजिब्रो साप्ताहिक
वर्ष- ३१, अङ्क- १५, कातिक २१ गते शुक्रबार, २०८२

## सम्पादकीय

# एकताको सार्थकता सिद्ध गरेर देखाऊ !

विगतमा पार्टी एकता गरेका र लगत्तै पछिदेखि भयङ्कर किचलो गरेर विभाजित हुन पुगेका तत्कालीन माओवादी–एमालेभित्रैको एउटा कित्ता केही वर्ष बेग्लाबेग्लै काम गरेर फेरि एकताबद्ध हुन पुगेको छ। एकताको सन्दर्भमा सवैको शुभेच्छा र शुभकामना हुनु स्वाभाविकै हो। तर, सँगसँगै त्यसको टिकाउ र सार्थकताका सन्दर्भमा पनि स्वाभाविक रूपमै चौतर्फी प्रश्नचिह्न खडा छन्।

तत्कालीन नेकपा (माओवादी केन्द्र) र नेकपा (एमाले) बीच एकता भएर नेपाल कम्युनिस्ट पार्टी (नेकपा) बनेको थियो। चुनावअघि दुई पार्टीबीच गठबन्धन गरेर चुनावपछि पार्टी एकता भएसँगै नेकपाले लगभग दुईतिहाई संसदीय सिटसहित सरकार चलाइरहेको थियो। तर, दुईमध्येका एक अध्यक्ष केपी शर्मा ओलीले सरकारको नेतृत्वसँगसँगै पार्टीसत्तामा समेत एकछत्र रजगज चलाएपछि उत्पन्न किचलो उत्कर्षमा पुग्दा पार्टी नै विभाजित भएर सर्वोच्च अदालतमार्फत एमाले–माओवादी केन्द्र 'व्युँतने' अवस्था सिर्जना भएको थियो। एमालेभित्रको असहिष्णु व्यवहारका कारण माधवकुमार नेपालको नेतृत्वमा एमाले विभाजित भई नेकपा (एकीकृत समाजवादी) बन्न पुगेको थियो।

यतिबेला उनै माओवादी केन्द्र र एकीकृत समाजवादीबीच एकता भएको छ। यो एकताको सार्थकता र दिगोपनबारे चौतर्फी प्रश्न उठिरहेको सन्दर्भमा सम्बन्धितहरूले आफूलाई सावित गरेर देखाऊन्।

## विप्लवलाई सत्ताको...

निस्कन नसक्ने रहेछ। साँच्चै कुरा गर्ने हो भने प्रचण्ड असाधारण मानिस हुन्। प्रचण्ड नभएको भए न जनयुद्ध हुन्थ्यो, न गणतन्त्र आउँथ्यो। शायद उनले जति मार्क्सवादको प्रयोग गर्न सक्ने मानिस अझसम्म नेपालमा देखापरेको छैन। मार्क्सवाद नबुझेर प्रचण्ड अहिलेको हालतमा पुगेका होइनन्।

प्रचण्डमा आँट–साहस दुवै थिए। उनको आँट र साहसलाई अघि बढाउन सहयोग गर्ने र पार्टीभित्र दुईलाइन सङ्घर्ष गर्ने मानिस नै रहेनछन्; कि उनका अन्धभक्त रहेछन् कि त सत्रु रहेछन्। जनयुद्धलाई शान्ति प्रक्रियामा ल्याउँदासम्म यस्तो स्थिति रह्यो। २०६४ सम्म पनि प्रचण्ड दोधारमा देखिन्छन्। सरकार छाडेर सङ्घर्षमा आउन पनि तयार भएको देखिन्छ। उनलाई रचनात्मक तरिकाले आलोचना गर्दै अघि बढाएको भए कम्युनिस्टहरूको स्थिति आजको जस्तो हुने थिएन।

क्रान्ति गर्न भन्दै जनयुद्धको ठूलो शक्तिले उनलाई छाड्यो। जान्दाजान्दै उनी नवउदारवादी राजनीतिको दलदलमा फसे। कम्युनिस्टहरूसँग कम र नवउदारवादी–पुँजीवादीहरूसँग बढी हेलमेल भयो। उनी सामूहिकता–वादबाट विचचपलत भए र व्यक्तिवादी उदार पुँजीवादी कित्तामा पुगे।

'क्रान्ति गर्न' प्रचण्डसँग सम्बन्ध–विच्छेद गरेकाहरू पनि उनीतर्फ नै फर्के। प्रचण्डलाई सत्ताको दुर्व्यसनले समात्यो। सत्ताका लागि कहिले एमाले त कहिले काङ्ग्रेससँग एकाकार भएर चुनाव लडे। नवउदारवादी व्यक्तिवादी राजनीति अपनाएपछि साम्राज्यवादी शक्तिहरू सबै 'मित्र शक्ति' मा बदलिए।

आन्तरिक विवादमा भारतका लागि 'उपयोगी' सरकार बनाउनका लागि प्रचण्डले एमालेको स्थानमा काङ्ग्रेसलाई सहयोग गरे। एमसीसी जस्तो राष्ट्रघाती सम्झौता गर्न 'व्याख्यात्मक टिप्पणी' ल्याए। संशोधनवादी प्रतिक्रियावाद परम्परागत प्रतिक्रियावादभन्दा पनि खराब हुन्छ। जनतामा भ्रम छर्नु र नवउदारवादी प्रतिक्रियावादको रक्षा गर्नु नै यसको मुख्य काम हो।

काङ्ग्रेस, एमाले र माओवादी केन्द्र बीचको लडाइँ सैद्धान्तिक होइन र यो वर्गीय लडाइँ पनि होइन। यदि प्रचण्डले तीनबुँदे सहमती नगरेका भए रमेश लेखक एयरपोर्ट काण्डमा राजीनामा गर्न बाध्य भइसकेका थिए। शायद तयतिबेलै उनको राजीनामा भइसकेको भए 'जेन–जी काण्ड' नहुन पनि सक्थ्यो। जनमत आकर्षित गर्न एकले अर्काका विरूद्ध जे पनि बोल्ने र भ्रम छर्ने गरे तापनि एकले अर्कोलाई बचाउने यिनीहरूको क्रियाकलापकै कारण जेन–जी घटना भयो। जेन–जी घटनालाई आईएनजीओले हस्तक्षेप गरी आफ्नो अधीनमा पार्यो। अहिले नेपालमा कुनै पार्टीको हैसियत छैन। सरकार आईएनजीओ मार्फत साम्राज्यवादीहरूले चलाएका छन्।

प्रचण्ड क्रान्तिकारी छँदा पनि गतिमान् थिए, अहिले नवउदारवादी कित्तामा जाँदा पनि उत्तिकै गतिमान् छन्। पार्टीमा आफ्नो सत्ता यथावत राख्नका लागि उनले अहिले नवउदारवादी व्यक्ति–समूहहरूलाई आफ्नै नेतृत्वमा गोलबद्ध गर्दैछन्। यस गोलबन्दीमा भित्र्याउनका लागि प्रचण्डले जोडबल गरे तापनि विप्लव भने प्रचारमा आएजस्तो 'नेतृत्व नपाएर' होस् वा अन्य जेसुकै कारणले होस्– त्यो प्रक्रियामा सहभागी भएका छैनन्; यो सकारात्मक कुरा हो। उनी यही नवउदारवादी सत्ताको दुर्व्यसनमा नफसून् भनेर उनलाई सहयोग गर्नुको सट्टा 'पार्टी एकतामा गयो, विप्लव मात्रै छुटे' भन्दै गरिएको प्रचारबाजी सत्य होइन।

विप्लवसँग मैले पाँच वर्ष काम गरेँ। म उनको प्रतिस्पर्धी थिइनँ, बरू सहयोगी थिएँ। केन्द्रीय समितिको सदस्य, सल्लाहकार र सल्लाहाकारको अध्यक्ष भएर मैले उनीसँग काम गरेँ। अतः मैले उनलाई राम्रैसँग बुझेको छु। उनी माओवादी जनयुद्धका उपज हुन्; उनमा युवालाई वशिभूत गर्ने कला छ। उद्देश्य राम्रै थियो होला, पछिल्लो चरणमा उनमा व्यक्तिवाद हावी भएको देखिन्छ।

पार्टीको विकास दुईलाइन सङ्घर्षबाट हुने हो तर विप्लवले त्यसलाई निषेध गरेका छन्। उनी जनवादी केन्द्रीयता पनि मान्दैनन् र आलोचना–आत्मआलोचनाको पद्धति पनि स्वीकार्दैनन्, एकमनावादमा पूरै भासिएका छन्। त्यसैले उनी क्रान्तिकारी कम र उदार वामपन्थी बढी देखिन्छन्; उत्पादन मुख्य कुरा हो र राजनीति चाहिँ गौण हो भन्ने ल्यु–शाओचीको पथमा छन्।

यसैकारण विप्लव अस्थिर राजनीतितर्फ धकेलिएका छन्। कहिले 'प्रधानमन्त्री हुने इच्छा छ' भन्छन् त कहिले वाम एकताका कुरा गर्छन्। केही अघिसम्म उनी 'निरपेक्ष एकता' को कुरा गर्थे तर अहिले एकतामा गएनन्– राम्रै गरे। यदि मार्क्सवादी दर्शन, अर्थराजनीति र वैज्ञानिक समाजवादलाई हृदयदेखि स्वीकार गरेमा विप्लव समकालीन नेपालमा वामपन्थी धारको नेतृत्व गर्न समर्थ र योग्य व्यक्तित्व हुन्।

विप्लव उग्र महत्त्वाकांक्षी छन्। आफूले जोडेको घरजग्गा र पार्टी कार्यालय भवन अरूलाई सुम्पेर यिनले कुनै हालतमा, कसैसँग एकता गर्दैनन्। प्रचण्डले नेतृत्वको पासा खेलेर यिनको बदनाम मात्र गरे। न प्रचण्डले अरूको नेतृत्व स्वीकार गर्छन् न त विप्लवले। विनापूर्वाग्रह भन्ने हो भने विप्लव नेतृत्वको पार्टीमा रहेका नेता–कार्यकर्ता जस्ता इमान्दार मानिसहरू अन्यत्र छैनन्।

अहिले विप्लवको पार्टी फुटेको जुन हल्ला गरिँदैछ, त्यो बेकारको होहल्ला र झुटो प्रचारबाजी मात्रै हो। गए होलान् पाँच–दस जना, त्यो भिन्नै कुरा हो। यस्तो हुनु पनि राम्रो कुरा त होइन, त्यसमा कमजोरी विप्लवकै छ। पार्टीमा जनयुद्ध लडेका र सयौं पटक दमनचक्र व्यहोरेका सयौं कमरेडहरू क्रियाशील छन्। त्यस्ता कमरेडहरूलाई पछि पारेर जनयुद्धकालमा समेत जनयुद्धको विरोध गरेका चिरन पुन, तीन वर्षको कालो कालपछि पार्टीमा जोडिन आएका कर्णजित बुढाथोकी लगायतलाई एकता वार्ता समितिमा राख्ने मूर्खता विप्लवले गरे।

अवसरवादीहरूको कुनै विश्वास हुँदैन। तर, विप्लवले विश्वास गरे– उनीहरूले विश्वासघात गरिदिए; विप्लवलाई नै छाडेर 'एकता' मा गए; भएको केवल यत्ति हो। संख्याका हिसाबले पार्टीलाई खासै नोक्सान परेको छैन, प्रचारका हिसाबले विप्लव प्रतिरक्षात्मक बन्न पुगेका छन्। यो स्थिति विप्लवमा विद्यमान अतिभूतवादी चिन्तनको दुष्परिणाम हो।

विप्लव सत्ताको दुर्व्यसनतर्फ उन्मुख भने भएकै हुन् तर दुर्व्यसनी नै चाहिँ भइसकेका छैनन्। उनमा विकास भएको एकमनावादका करण प्रचण्डसँग निरपेक्ष एकताको कुरा गर्नु हुँदैन भन्ने मेरो मतलाई कर्णजित बुढाथोकीले एकताविरोधी करार गर्दै मसँग सम्बन्ध–विच्छेद गरेका थिए। अहिले उनले के भन्दा हुन् ? उनीसँग मेरो सम्बन्ध नै छैन र त्यस घटनालाई मैले पूर्वाग्रहका रूपमा लिएको पनि छैन।

विप्लवले आफ्ना कमीकमजोरी सच्याएमा वाम ध्रुवीकरणलाई फाइदा नै हुनेछ। व्यक्तिवादी नवउदारवादतर्फ उन्मुख भए तापनि उनी नवउदारवादी नै चाहिँ भइसकेका छैनन्। नवउदारवादीहरूको एकतालाई बल पुग्ने गरी विप्लवलाई समेत उतै घचेट्ने हिसाबले जुन हल्ला भइरहेको छ, यो ठीक होइन। क्रान्तिकारीहरूले उनलाई नवउदारवादमा घचेट्नुभन्दा क्रान्तिका पक्षमा तान्नु राम्रो हुन्छ।

अहिले भएको २१ दलको साम्राज्यवाद विरोधी मोर्चामा नेपाल विप्लव नेतृत्वको कम्युनिस्ट पार्टीलाई पनि ल्याउन कोसिस गर्नु आवश्यक छ। विप्लव र उनी नेतृत्वको पार्टीलाई प्रतिक्रियावादी सत्ता दुर्व्यसनमा फस्नबाट रोक्नुपर्छ। जसरी अब कुनै हालतमा पनि प्रचण्ड नवउदारवादी व्यक्तिवादबाट बाहिर आउनै सक्तैनन्, त्यता फसिहालेमा विप्लवलाई पनि कुनै हालतमा बाहिर ल्याउन सकिने छैन। अझै बेला छ, उनीसँग वार्ता–सम्वाद गर्दै गरौं, प्रतिक्रियावादी कित्तामा जानबाट रोक्न यथासक्य कोसिस गरौं।

**न्युजकोसेली**बाट।

## जन- अदालत

दिल साह्नी

# सक्कली कम्युनिस्ट पार्टीको आवश्यकता

यतिबेला नेपालका कम्युनिस्ट पार्टी कम्युनिस्ट पार्टीजस्ता छैनन्। यतिबेला नेपालका कम्युनिस्ट नेता कम्युनिस्ट नेताजस्ता छैनन्। यतिबेला नेपालका कम्युनिस्ट कार्यकर्ता कम्युनिस्ट कार्यकर्ताजस्ता छैनन्। कम्युनिस्ट पार्टी बुर्जुवा पार्टीहरूजस्ता देखिन थालेका छन्। कम्युनिस्ट नेता बुर्जुवा नेताहरूजस्ता देखिन थालेका छन्। कम्युनिस्ट कार्यकर्ता बुर्जुवा कार्यकताजस्ता देखिन थालेका छन्। चीजलाई यसरी हेर्दा नेपालमा कम्युनिस्ट क्रान्ति मात्र भ्रान्ति जस्तो लाग्न सक्दछ। नेपालमा जनवाद, समाजवाद र साम्यवादको कुनै भविष्य नै नभएको जस्तो पनि लाग्न सक्दछ। नामधारी कम्युनिस्ट पार्टी , कम्युष्टि नेता वा कम्युनिस्ट कार्यकर्ताको कुरा गर्ने हो भने त सारा नेपाल नै कम्युनिस्ट देश भएको जस्तो देखिन सक्दछ। सारा नेपाली जनता नै कम्युनिस्ट भएको जस्तो देखिन सक्दछ। नेपाल कम्युनिज्मको उर्वरा भूमि जस्तो देखिन सक्दछ ।

ठीक हो नेपाल साम्यवादको निम्ति अत्यन्त उर्वर भूमि हो। तर यस उर्वर भूमिमा हामी कम्युनिज्मको नाममा सामन्तवादको घुनकिरा जन्मेको देख्दछौं। पूँजीवादको घुनकिरा जन्मेको देख्न सक्ने छौं। संसोधनवादका घुनकिरा जन्मेको देख्न सक्ने छौं। विसर्जनवादका घुनकिरा जन्मेको देख्न सक्ने छौं। हिजो पुष्पलालको पालामा जुन कम्युनिस्ट आन्दोलन नेपालमा उठेको थियो आज त्यो समाप्त भएको जस्तो देखिन्छ। हिजो झापा विद्रोहको बेलामा नेपालमा जुन कम्युनिस्ट क्रान्तिको झलक देख्न पाइन्थ्यो त्यो आज विलुप्त भएको जस्तो लाग्न थालेको छ । हिजोको मालेमा जुन क्रान्तिकारी स्प्रिट थियो त्यो आज ह्रास हुन पुगेको जस्तो देखिन्छ । आजको मशाल हिजोको मशाल जस्तो छैन। आजको माओवादी हिजोको माओवादीजस्तो छैन। हिजोका कम्युनिस्ट आजका कांग्रेसजस्ता भएका छन्। हिजोका कांग्रेस आज पञ्चजस्ता भएका छन्। हिजोका अग्रगामी शक्ति आज यथास्थितिवादी शक्तिजस्ता बनेका छन्। अझ प्रतिगामी शक्तिजस्ता बनेका छन्।

हिजो कम्युनिस्ट पार्टीमा त्यागी निस्वार्थी र क्रान्तिकारी व्यक्तिहरू लाम लागेर लाग्दथे भने आज कम्युनिस्ट पार्टीमा अवसरवादी स्वार्थी तथा यथास्थितिवादी वा प्रतिगामी शक्ति लाम लागेर अघि बढेका छन्। सच्चा क्रान्तिकारी नेता तथा कार्यकर्ता भने पाखा परेका छन्। किनारा लागेका छन्। हिजो कम्युनिस्ट क्रान्तिकारी मुक्ति कि मृत्यु भनेर क्रान्तिको मैदानमाा होमिन्थे भने आज अवसरवादी र स्वार्थी व्यक्तिहरू कम्युनिस्ट पार्टीमा गोलो लगाएर बसेका छन्। गुड बनाएर बसेका छन्। अड्डा जमाएर बसेका छन्। हिजो कम्युनिष्ट पार्टीमा उच्च चरित्र भएका नैतिकवान् कार्यकर्ता लाम लागेर आउँथे भने आज कम्युनिष्ट पार्टीमा भ्रष्ट, दुष्ट, निकृष्ट अझ पतीत व्यक्तिहरू हुल बाँधेर प्रवेश गरिरहेका छन्। हिजो मान्छेहरू देश र जनताको सेवाको लागि कम्युनिस्ट पार्टीमा लाग्दथे भने आज उनीहरू पार्टीहरूको आडभरोसाबाट केही कुरा प्राप्त गर्न त्यसमा लाम लागेर लाग्न थालेका छन्ध्द्र्ऽस। हिजो मान्छेहरू केही दिन कम्युनिस्ट बन्दथे भने आज उनीहरू केही लिन कम्युनिस्ट बन्न थालेका छन्। हिजो कम्युनिस्ट नेता तथा कार्यकर्ता क्रान्तिको सिद्धान्त बोकेर जनताको वीचमा जान्थे। आज उनीहरू भ्रान्तिको पोको बोकेर जनताको वीचमा जान्छन्। हिजो उनीहरू जनतामा क्रान्तिका पर्चा पम्पलेट बोकेर जान्थे। आज उनीहरू जनताका बीचमा खोक्रा घोषणापत्रका ठेली बोकेर जान्छन्। यसैले आज कम्युनिस्ट पार्टी कम्युनिस्ट पार्टीजस्ता छैनन्। कम्युनिस्ट नेता कम्युनिस्ट नेताजस्ता छैनन्। कम्युनिस्ट कार्यकर्ता कम्युनिस्ट कार्यकर्ताहरू जस्ता छैनन्। कुरा यस्तो छ। कुरा यस्तो भएर पनि कुरा कस्तो पनि छ भने सबै कम्युनिस्ट पार्टी समान रूपले बिग्रेका वा पतीत भएका छैनन्। सबै नेता समान रूपले बिग्रेका वा पतीत भएका छैनन्। सबै कार्यकर्ता समान रूपले बिग्रेका वा पतीत भएका छैनन्। तिनीहरूमध्ये कति त राम्रा पनि छन्। असल पनि छन्। क्रान्तिकारी पनि छन्। तर पनि उनीहरू तुलनात्मक रूपले थोरै छन्। तुलनात्मक रूपले कमजोर छन्। तथापि उनीहरू नै हाम्रो भोलिका आशाका किरण हुन्।

यतिबेला नेपालमा एउटा सच्चा कम्युनिस्ट पार्टीका आवश्यकता हुन गएको देखिन्छ। त्यस्तो कम्युनिस्ट पार्टी सर्वथा नौलो जन्मिन पनि सक्दछ। त्यस्तो कम्युनिस्ट पार्टी भएकै कम्युनिस्ट पार्टीको क्रान्तिकारी रूपान्तरणले पनि संभव छ। जे होस् , यतिबेला हामीलाई यस्तो कम्युनिस्ट पार्टी चाहिएको छ जो यर्थाथमा कम्युनिस्ट पार्टीजस्तो होस्। यतिबेला यो देशलाई यस्ता कम्युनिस्ट नेता चाहिएको छ, जो वास्तवमा कम्युनिस्ट नेता जस्ता होउन्। यतिबेला हामीलाई यस्ता कम्युनिस्ट कार्यकर्ता चाहिएका

क्रमशः चौथो पृष्ठमा

# मलाई ठूलो भारी बोकाइदिनुभयो : प्रचण्ड

**काठमाडौं ।** भरखरै विभिन्न १० कम्युनिस्ट घटकहरूको एकताबाट गठन भएको नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पमकल दाहाल 'प्रचण्ड'ले आफूलाई ठूलो भारी बोकाएको बताएका छन् । पार्टी एकता घोषणा कार्यक्रमलाई बुधबार सम्बोधन गर्दै संयोजक दाहालले नेपाली कम्युनिस्ट आन्दोलनमा यो एकता ऐतिहासिक भएको बताएका हुन् ।

'मलाई संयोजकको रूपमा १० घटकको ठूलो भारी जिम्मेवारी दिनु भएको छ' संयोजक दाहालको भनाइ थियो 'मलाई विशेष हर्ष र गर्वको महासुस भएको छ। सबैको एउटै विचार आएको छ। एक ढिक्का भएर देशको चुनौती सामना गर्न सक्छौं भन्ने विश्वास पैदा भएको छ।' नवगठित पार्टी नयाँ ढंगले अघि बढ्ने धारणा व्यक्त गर्दै संयोजक दाहालले भने 'अब पार्टी नयाँ ढंगले अघि बढाउन सक्छौं। आजको दिनमा नेपाली कम्युनिस्ट आन्दोलनको इतिहासमा कहिल्यै नबिर्सन दिन हुनेछ।' कम्युनिस्ट इतिहासमै कहिल्यै नभएको १० घटकको एकता अभूतपूर्व, ऐतिहासिक र असाधारण भएको भन्दै संयोजक दाहालले भने 'ऐतिहासिक दिनका रूपमा अंकित भएको छ।' नया राष्ट्रिय एकता र राष्ट्रिय स्वाधीनताको आधार तयार पार्ने बताए ।

सोही कार्यक्रमको सञ्चालन गर्दै नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) का उपमहासचिव वर्षमान पुनले कम्युनिस्ट आन्दोलन नयाँ मोडमा पुगेकाले आफूहरू नयाँ ठाउँमा उभिएको उल्लेख गरे । काठमाडौंको भृकुटीमण्डपमा भएको एकता घोषणा सभामा बोल्दै उनले सो कुरा बताए । लोकतन्त्रको बहानामा कुनै पनि तानाशाह, व्यक्तिवादी वा निरंकुशता नचाहने उनले स्पष्ट पारे ।

# भुसाल र झाँक्रीद्वारा एकता नस्वीकार्ने घोषणा

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी)का महासचिव घनश्याम भुसालले आफूहरू नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) सहितको दस दलीय एकतामा सामेल नहुने घोषणा गरेका छन् ।

राजधानीमा एक पत्रकार सम्मेलनको आयोजना गर्दै भुसालसहितका केही नेताले विद्यमान नेतृत्व र कार्यशैलीका आधारमा कम्युनिस्ट पार्टी चल्न नसक्ने जिकिर गर्दै देशका विद्यमान समस्याको समाधनका लागि आफूहरूले आगामी मंसिरको पहिलो साता राष्ट्रिय भेलामार्फत नयाँ रूपले संगठित हुने बताएका हुन् । कार्यक्रममा उक्त पार्टीका नेताहरू धनेन्द्र बस्नेत, जीवनराम श्रेष्ठलगायत सहभागी थिए ।

यसैगरी, सोही दलकी स्थानी कमिटी सदस्य रामकुमारी झाँक्रीले पनि माओवादी केन्द्रसहित दस कम्युनिस्ट घटकहरूसँगको पार्टी एकता प्रक्रियामा सामेल नहुने बताएकी छन् । राजधानीमा छुट्टै पत्रकार सम्मेलन गरी नेतृ झाँक्री एवं विघटित प्रतिनिधिसभाका सदस्इ किसान श्रेष्ठले आफूहरू उक्त एकीकरणमा सहभागी नहुने बताएका हुन् । झाँक्रीले एकता र विभाजनका शर्तहरूमा अगाडि जाने गन्तव्यका बारेमा स्पष्ट सोच हुनुपर्ने तथा सिद्धान्त र कार्यक्रम मिल्नेसँग एकता गर्ने भन्दै गर्दा श्रेष्ठले नेकपा (एमाले) ले पुरानै घरमा फर्कन गरिरहेको आग्रहलाई निशर्त रूपमा स्वीकार्न चाहेको बताए । कार्यक्रममा अर्का नेता पीताम्बर तिमिल्सनालगायत सहभागी थिए ।

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) र नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) सहित १० वामपन्थी पार्टीबीच बुधबार एकता घोषणा भएको हो ।

# नेकपा जनको आशा र भरोसाको केन्द्र : सहसंयोजक नेपाल

**काठमाडौं ।** नवगठित नेपाली कम्युनिस्ट पार्टीका सहसंयोजक माधवकुमार नेपालले नेकपा कम्युनिस्ट आन्दोलनको मूल प्रवाह र जनताको आशा र भरोसाको केन्द्र बनेको बताएका छन् ।

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) र एकीकृत समाजवादीसहित विभिन्न १० वामपन्थी पार्टीबीचको एकता राष्ट्रिय सम्मेलनलाई बुधबार सम्बोधन गर्दै उनले जनताको मन र विश्वास जित्ने तथा देशको समस्या समाधान गर्न यो पार्टी अघि बढ्ने बताएका हुन् । 'आज हामीले एतिहासिक काम सम्पन्न र एतिहासिक सुरुवात गरेको छौं । यसले सिंगो नेपाली राजनीतिमा तरंग पैदा गर्नेछ । नेपाली जनताको आशा र भरोसाको केन्द्र बन्नेछ' सहसंयोजक नेपालले भने । मुलुक अहिले असाधारण परिस्थितिबाट गुज्रिरहेको उल्लेख गर्दै उनले मुलुकका समस्या समाधान गर्न अन्य वामपन्थी शक्तिलाई एकतामा आउन आह्वान गरे ।

'ढिला नगर्नुस्, जनताको भावना र समयको महत्त्व बुझ्नुस्, आउनुहोस्, एकताबद्ध भएर अघि बढ्ने निर्णय गरौं' सहसंयोजक नेपालले भने । कम्युनिस्ट पार्टीको अगुवाइमा पञ्चायत र राजतन्त्र अन्य गरिएको, जनप्रतिनिधिबाट संविधान बनाइएको उल्लेख गर्दै उनले कम्युनिस्ट पार्टीको उपादेयता नसकिएको जिकिर गरे 'नेपाली राजनीतिमा इमान्दारिताको अभाव छ, आफ्नो व्यवहारबाट जनताको मन जित्नुपर्छ ।' मुलुक र जनताले भोग्नु परेको समस्या हल गर्न ध्यान केन्द्रित गर्नुपर्नेमा सहसंयोजक नेपालले जोड दिए । अब कमीकमजोरी स्वीकार्दै जनतामा नयाँ आशा, विश्वास र संकल्प जगाउन सक्नुपर्नेमा जोड दिँदै सहसंयोजक नेपालले त्यसदिशामा नेपाली कम्युनिस्ट पार्टी सफल हुने बताए ।

# बाढी–पहिरोका कारण अर्बौंको क्षति, ३९ को मृत्यु

**काठमाडौं ।** अकल्पनीय वर्षाका कारण गत असोज १८ र १९ गतेको इलाममा गएको बाढी-पहिरोका कारण ११ अर्ब ८१ करोड बढीको क्षति हुनुका साथै ३९ जनाको मृत्यु भएको छ। प्रमुख जिल्ला अधिकारी सुनिता नेपालले जिल्लास्थित विभिन्न सडक, पुल, भवन, खानेपानी, सिँचाइ, पशुपन्छी, कृषिजन्य क्षेत्रमा गरी ११ अर्ब ८१ करोड ७९ लाख ८५ हजार ७ सय ३ बराबरको क्षति हुनुका साथै ३९ जनाको मृत्यु भएको जानकारी दिएकी हुन् ।

प्रजिअ नेपालका अनुसार जिल्ला प्रशासन कार्यालयले सडक डिभिजन, पूर्वाधार विकास कार्यालय, नेपाल विद्युत प्राधिकरण, जलस्रोत तथा सिँचाइ डिभिजनसहित सम्बन्धित ११ वटा विषयगत कार्यालयबाट संकलन गरेको क्षतिको प्रारम्भिक विवरणबाट उक्त क्षति भएको हो । बाढीपहिरोका कारण सडक डिभिजनअन्तर्गत विभिन्न ११ आयोजनामा पहिरोबाट ६ अर्ब ९६ करोड ४५ लाखको क्षति भएको छ। पूर्वाधार विकास कार्यालय अन्तर्गत ६२ सडकमा दुई अर्ब ३४ करोड ६५ लाख, २५ वटा पुलमा ८५ करोड र ६ वटा भवनमा ४ करोड बराबरको क्षति पुगेको छ।

जिल्ला प्रशासनका अनुसार नेपाल विद्युत प्राधिकरण अन्तर्गत पाँचवटा आयोजनाको एचटी लाइन, एलटी लाइन र ट्रान्सफर्मरमा दुई करोड ४७ लाख ३५ हजार ९ सय ५२ बराबरको क्षति भएको छ। जलस्रोत तथा सिँचाइ विकास डिभिजन अन्तर्गत १६ नदी नियन्त्रण आयोजनाको १३ करोड ४६ लाख ६९ हजार, ५ वटा पहिरो नियन्त्रण आयोजनाको एक करोड ७४ लाख २२ हजार र ७२ सिँचाइ आयोजनामा १७ करोड ७१ लाख ५९ हजार रूपैयाँ बराबरको क्षति भएको छ। बाढी पहिरोबाट भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रअन्तर्गत दुई हजार ५ सय २० वटा पशुपन्छीमा दुई करोड ३५ लाख ७६ हजार र दुई सय ४४ वटा गोठ र पोखरीमा एक करोड ९७ लाख ५४ हजार रूपैयाँ बराबरको क्षति भएको छ। खानेपानी तथा ढल व्यवस्थापन विभाग धनकुटा फिल्ड एकाइ कार्यालय अन्तर्गत २९ वटा खानेपानी आयोजनामा २८ करोड ७५ लाख र खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय भद्रपुर झापाअन्तर्गत २ सय २३ आयोजनामा २८ करोड १ लाख बराबरको क्षति भएको प्रजिअ नेपालले जानकारी दिए ।

यसैगरी, कृषि ज्ञान केन्द्रअन्तर्गत तीन हजार ४ सय ९ किसानले ८ सय ९२ दशमलव ३२ हेक्टर क्षेत्रमा लगाएको खाद्य तथा नगदेबालीमा २७ करोड ४९ लाख ९५ हजार ७ सय ५० र राष्ट्रिय चिया तथा कफी विकास बोर्ड चिया विस्तार योजना अन्तर्गत २५ चिया बगानमा चार करोड ७५ लाख ५० हजार रूपैयाँ बराबरको क्षति भएको उल्लेख गरिएको छ। सोही वर्षाका कारण भएको बाढी पहिरोको कारण नेपाल टेलिकमअन्तर्गत १० अप्टिकल फाइबर तथा केवलमा ५ लाख ८ हजार र सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना गैंडे झापाअन्तर्गत ३१ वटा आयोजनामा पहिरोबाट ३२ करोड ९० लाख १६ हजार रूपैयाँ बराबरको क्षति भएको छ।

प्रजिअ नेपालले क्षतिको विवरण जानकारी राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, गृह मन्त्रालय र सम्बन्धित विषयगत मन्त्रालयमा पठाइसकिएको जानकारी दिइन् । 'जिल्लाभित्रका विषयगत कार्यालयबाट सम्बन्धित पालिकाको समन्वय र सहजीकरणमा क्षतिको प्रारम्भिक विवरण संकलन गरिएको छ' उनले भनिन् 'क्षतिको विवरण राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, गृह मन्त्रालय र सम्बन्धित विषयगत मन्त्रालयमा पठाएका छौं ।'

इलाममा बाढीपहिरोबाट ३९ जनाको ज्यान जानुका साथै २६ जना घाइते भएका छन् भने एक जना अझै बेपत्ता छन् । सोही बाढीपहिरोबाट जिल्लामा ७ सय ११ घरपरिवार विस्थापित भएका छन् । यसमध्ये सात सय परिवार आफन्तको घरमा र ११ परिवार सामुदायिक भवनमा बसिरहेको जिल्ला प्रशासनले जनाएको छ । बाढीपहिरोबाट जिल्लाको १० स्थानीय तहमा ३ सय ६५ घर पूर्ण र ९ सय ४० घरमा आंशिक क्षति पुगेको छ ।

यसैगरी, कात्तिक १३ देखि १५ सम्मको अविरल वर्षाले जिल्लाका दसवटै पालिकामा पाक्न लागेको धानालीमा क्षति पुगेपछि किसानहरू चिन्तामा परेका छन् । पाक्न लागेको धानबालीमा वर्षाले क्षति गरेको माङसेबुङ गाउँपालिका-३ सिङलाबुका किसान मनिस सुनुवारले बताए । 'मेरो १५ रोपनी क्षेत्रमा लगाएको धानबाली ढलेर सोतर भएको छ' उनको भनाइ थियो 'प्रमुख बालीको रूपमा लगाउँदै आएको धान ढलेर सोतर भएपछि समस्या पर्ने चिन्तामा छु ।'

निरन्तरको वर्षाले खेतमा पाक्न लागेको धानबाली सबै लडाएर अपुरणीय क्षति भएको अर्का किसान आइन्द्र योङहाङको दुखेसो छ । उनले बेला न कुबेला परेको पानीले आफूहरू मारमा परेको सुनाए। उनले खेतमा ढलेर करिव ५० प्रतिशत धानबालीमा क्षति पुगेको बताए। माङसेबुङका सयौं किसानको धानबालीमा क्षति पुऱ्याएको छ ।

सोही वर्षाले फाकफोकथुम गाउँपालिकामा समेत सयौं किसानको धानबालीमा क्षति पुगेको किसानहरूको दुखेसो पोखे । फाकफोकथुम-७ का पञ्च योङहाङले पाक्नै लागेको धानबाली लगातारको वर्षाले सबै ध्वस्त बनाएको बताए । 'निरन्तर परेको पानीले सबै खेतको धान पूरै भाँचिएर जमिनमा मिलाइदिएको छ' उनले भने 'हिउँदमा समेत बर्खामा झैं परेको पानीले किसानलाई बिजोग बनायो ।' जिल्लाको तल्लो क्षेत्र अर्थात चुलाचुली गाउँपालिका, माई नगरपालिका तथा माङसेबुङ, फाकफोकथुम, रोङ, माईजोगमाई, सन्दकपुर गाउँपालिका र देउदेमाई, इलाम र सूर्योदय नगरपालिकाका तल्लो क्षेत्रमा धानखेती क्षति पुगेको किसानले बताए ।



## सक्कली कम्युनिस्ट...

छन् जो यथार्थमा कम्युनिस्ट कार्यकर्ताजस्ता होउन् ।

अहिलेसम्मको हाम्रो अनुभव के छ भने यो मुलुकमा कुनै क्रान्तिकारी व्यक्ति कम्युनिस्ट नेता भएर अघि बढ्दछ र बुर्जुवा नेता भएर पछि फर्किन्छ । अहिलेसम्मको हाम्रो मुलुकको के अनुभव छ भने कुनै पनि कम्युनिस्ट पार्टी क्रान्तिकारी कम्युनिस्ट पार्टी भएर अघि बढ्दछ र प्रतिक्रान्तिकारी पार्टी भएर पछि फर्किन्छ । यसैले नेपालमा कुनै पनि क्रान्ति सफल हुन सकेको छैन । हरेक क्रान्ति प्रतिक्रान्तिमा रूपान्तरित भएको छ । प्रतिक्रान्तिमा पतन भएको छ । जबसम्म नेपालमा सच्चा कम्युनिस्ट पार्टीका जन्म वा विकास हुदैन यस मुलुकमा कम्युनिस्ट क्रान्तिको कुनै संभावना देखिन्न । जनवादी समाजवादी वा साम्यवादी क्रान्तिको कुनै भविष्य देखिन्न । कम्युनिस्ट पार्टीको नाम र झण्डा मात्र ट्रेडमार्क हुन सक्दछ ।

अहिलेसम्म भएको पनि यस्तै छ । बेद वा गीता नपढी कोही सच्चा हिन्दू हुन सक्दैन । बाइबल नपढी कोही सच्चा क्रिश्चयन बन्न सक्दैन । त्यसरी नै कुरान नपढी कोही सच्चा मुसलमान बन्न सक्दैन । बौद्ध दर्शन र साहित्य नपढी कोही सच्चा बौद्ध हुन सक्दैन । तर हाम्रो मुलुकमा कम्युनिस्ट घोषणापत्र नपढी मान्छेहरू कम्युनिस्ट बनेका छन् । कम्युनिस्ट साहित्य नपढी कोही कम्युनिस्ट हुन खोजेका छन् । हिजो पंचायतकालमा कम्युनिस्ट साहित्यले जुन स्थान पाएको थियो आज त्यसले त्यस्तो स्थान प्राप्त गर्न सकेको छैन । हिजो कम्युनिस्ट पार्टी भूमिगत हुदा कम्युनिस्ट साहित्यको जुन महत्व र माग थियो आज त्यो छैन । आज कम्युनिस्ट पार्टी खुला छ । कम्युनिस्ट साहित्य खुला छ । तर पढ्ने पाठक छैन । जब कम्युनिस्ट पार्टीहरूलाई कुनै क्रान्ति नै गर्नु छैन भने कम्युनिस्ट साहित्यको अध्ययन गर्नु पनि किन ? यसैले त कम्युनिस्ट साहित्य आजका कम्युनिस्ट कार्यकर्ताहरू वा नेताहरूको निम्ति अखाद्य बस्तुजस्तो भएको छ । अपाच्य बस्तुजस्तो भएको छ ।

नेपाल कम्युनिस्ट क्रान्तिको लागि नेपाल एउटा उर्वर भूमि हो भन्ने कुरामा कुनै शंका छैन भने एउटा सच्चा कम्युनिस्ट पार्टीको विकास वा जन्मको निम्ति किन सक्दो प्रयास नगर्ने भन्ने सवाल यतिबेला मुलुकभरि चर्को रूपमा उठेको छ । देश र जनताको मुक्ति कम्युनिस्ट क्रान्तिबिना संभव नै छैन । कम्युनिस्ट क्रान्ति त्यतिबेला मात्र संभव हुन सक्दछ जब मुलुकले एउटा सच्चा कम्युनिस्ट पार्टीलाई जन्म दिन सक्दछ । एउटा सच्चा कम्युनिस्ट पार्टीको नेतृत्व स्थापित हुन सक्दछ । यसको लागि सबै साूचो रूपमा कम्युनिस्ट बिचारप्रति प्रतिबद्ध नेता तथा कार्यकर्ता गम्भीर हुनु आवश्यक छ । सिंहदरबारलाई नै आफ्नो घरबार ठान्ने कम्युनिस्टहरूबाट नेपालमा कम्युनिस्ट क्रान्ति हुन सक्दैन । कम्युनिस्ट क्रान्ति सम्भव छैन । कम्युनिस्ट क्रान्ति अहिले सम्भव होला-नहोला तर ढिलो-चाूडो नेपालमा कम्युनिस्ट क्रान्ति हुन्छ भन्ने सवालमा कुनै विवाद छैन । कुनै शंका छैन । यतिबेलाको आवश्यकता हो कम्युनिस्ट विचारको रक्षा । कम्युनिस्ट सिद्धान्तको रक्षा । कम्युनिस्ट संस्कृति र संस्कारको रक्षा । किनभने सबै कुराको निर्णय हाम्रो बिचार सही वा गलत हुने कुरामा नै निर्भर गर्दछ । जुन पार्टी, नेता वा कार्यकर्ताले कम्युनिस्ट सिद्धान्त विचार वा लाईन नै छोडे उनीहरूले नेपालमा कम्युनिस्ट क्रान्ति गर्छन भन्ने ठान्नु हाम्रो मुर्खताबाहेक अरु केही होइन । जसले कम्युनिस्ट सिद्धान्त बिचार बाटो वा लाइन नै छोडेर बुर्जुवा बाटो समाते उनीहरूबाट कम्युनिस्ट क्रान्तिको सपना देख्नु महाभ्रम हो । सही सिद्धान्त र सही बाटो समातेको कम्युनिस्ट पार्टीले नै नेपालमा नयाू जनवादी क्रान्ति सम्पन्न गर्न सक्दछ । यो मुलुकलाई समाजवाद र साम्यवादको गोरेटोतिर डोर्‍याउन सक्दछ ।

# राष्ट्रिय संकट हल गर्न पार्टीएकता गरेका हौं : प्रचण्ड

**काठमाडौं ।** नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले राष्ट्रिय संकट हल गर्न वामपन्थी र देशभक्त शक्तिबीच एकता भएको दावी गरेका छन् । यसअघिको नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) र एकीकृत समाजवादीसहित विभिन्न १० वामपन्थी पार्टीबीचको एकता राष्ट्रिय सम्मेलनलाई बुधबार सम्बोधनमा सो कुरा बताउँदै उनले कम्युनिस्ट पार्टी एक भएर अभियान चलाउन लागिएको जिकिर गरे ।

'पार्टी एकताले नयाँ राष्ट्रिय एकताको आधार तयार गरेको छ' संयोजक दाहालले भने । विगतको कमजोरी सच्याउनुको विकल्प उल्लेख गर्दै उनले पार्टी नेता र कार्यकर्ताको सुझावका आधारमा पार्टी सञ्चालन गरिने प्रतिबद्धता व्यक्त गरे । कम्युनिस्ट आन्दोलनलाई ध्रुवीकृत गर्ने अभियान सञ्चालन गरिने उद्घोष गर्दै उनले राष्ट्र र लोकतन्त्रको रक्षार्थ कम्युनिस्ट, लोकतन्त्रवादी र राष्ट्रवादी शक्तिसँग हातेमालो गर्नुपर्ने बताए । नेपाली कम्युनिस्ट पार्टीलाई देशको १ नम्बर पार्टी बन्न कसैले रोक्न नसक्ने जिकिर गर्दै संयोजक दाहालले देशभर एकता घोषणा अभियान र चुनावी गतिविधि सञ्चालन गरिने बताए । आजको दिनलाई कम्युनिस्ट आन्दोलनले कहिल्यै नबिर्सने उल्लेख गर्दै उनले भने- 'सम्भवतः १० वटा घटकहरू एकैदिन मिलेको दिन सबै आ-आफ्नो ठाउँमा वैचारिक संघर्षबाट गुज्रेका नेताबाट भएको यो एकता साँच्चै अभूतपूर्व छ ।'

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) र नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) सहित दस दल एकता भएर बनेको 'नेपाली कम्युनिस्ट पार्टी'को संयोजकमा पुष्पकमल दाहाल 'प्रचण्ड' र सहसंयोजकमा माधवकुमार नेपाल चयन भएका छन् । एकता राष्ट्रिय सम्मेलनबाट अध्यक्ष मण्डलका सदस्य महिन्द्र राय यादवले नवगठित पार्टीको संयोजकमा दाहाल र सहसंयोजकका रूपमा नेपालको नाम प्रस्ताव गरेका थिए । सो प्रस्तावलाई सम्मेलनले सर्वसम्मत रूपमा अनुमोदन गरेको हो ।

त्यस क्रममा नेपाली कम्युनिस्ट पार्टीका वरिष्ठ नेता वामदेव गौतमले सिद्धान्त र व्यवहार फरक हुँदा वामपन्थी शक्तिभित्र समस्या सिर्जना हुने गरेको टिप्पणी गर्दै तत्काल समाजवादी कार्यक्रम लागू गर्नुपर्ने बताए । 'यो पार्टी सबैभन्दा ठूलो संरचना बोकेर तथा बलिदान गरेर आएको पार्टी हो, यो पार्टीले नै समाजवादी कार्यक्रम अघि बढाउन सक्छ' गौतमको भनाइ थियो । अर्का नेता नारायणकाजी श्रेष्ठले नेपाली विशेषता सहितको वैज्ञानिक समाजवादको लक्ष्य पूरा गर्न नेकपा दृढतापूर्वक अघि बढ्ने धारणा व्यक्त गरे । नेतृ पम्फा भुसालले एकीकृत पार्टी नेपालको वामपन्थी आन्दोलनको मूल धारा रहेको उल्लेख गर्दै नयाँ पार्टीले समाजवादी क्रान्तिको कार्यभार पूरा गर्ने विश्वास व्यक्त गरिन् ।

# सरकार शान्तिपूर्ण निर्वाचन गराउन प्रयासरत : प्रम कार्की

**काठमाडौं ।** प्रधानमन्त्री सुशीला कार्कीले एक थोपा रगत नबग्ने र एक जना पनि घाइते नहुने गरी निर्वाचन गराउन सरकार प्रयासरत रहेको दावी गरेकी छन् । बिहीबार 'द एसियन नेटवर्क फर फ्रि इलेक्सन्स (आन्फ्रेल)'को प्रतिनिधिमण्डलसँग भेटघाट गर्दै प्रधानमन्त्री कार्कीले शान्तिपूर्ण र भयरहित वातावरणमा स्वच्छ र निष्पक्ष चुनाव गराउन सरकार प्रतिबद्ध रहेको जिकिर गरेकी हुन् ।

थाइल्याण्डको बैंककमा सचिवालय रहेको अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूको सञ्जाल आन्फ्रेलका सचिवालयका कार्यकारी निर्देशक ब्रिजा रोसालेसको नेतृत्वको टोली अहिले नेपालको निर्वाचन वातावरणको मूल्यांकन गर्न काठमाडौं आइपुगेको छ । लामो समय न्यायाधीश र प्रधानन्यायाधीशका रूपमा काम गरेको कार्की नेतृत्वको सरकार भएकाले यसले स्वतन्त्र र निष्पक्ष निर्वाचन गराउनेमा आफूहरू विश्वस्त रहेको प्रतिनिधिमण्डलका सदस्यहरूले बताए । 'तपाईंको लामो समयदेखिको न्यायिक अनुभवले स्वतन्त्र र निष्पक्ष निर्वाचनमार्फत राजनीतिक पुनर्संरचना सम्भव हुने देखेका छौं र त्यसले लोकतान्त्रिक संस्थालाई जोगाउनेछ' सो प्रतिनिधिमण्डलले भन्यो । प्रधानमन्त्री कार्कीले पनि अन्तर्राष्ट्रिय पर्यवेक्षकले चासो देखाएपछि निर्वाचन सुरु भइसकेको अनुभूति गराएको प्रतिक्रिया दिए ।

'हाम्रो मुख्य उद्देश्य नै चुनाव गराउनु हो, यसैमा केन्द्रित छौं । स्वस्थ निर्वाचनको वातावरण बनाउन नागरिक समाज र पर्यवेक्षकको पनि भूमिका रहन्छ । यहाँहरूको उपस्थितिले निर्वाचन सुरु भइसकेको अनुभूति गराएको छ' प्रधानमन्त्री कार्कीको भनाइ थियो । आन्फ्रेल प्रतिनिधिहरूसँगै नेपालको निर्वाचन पर्यवेक्षकको सञ्जाल नियोकका पदाधिकारी तथा सदस्य समेत थिए । उनीहरूले पहिलोपटक मतदान गर्ने युवा मतदातामा व्यापक उत्साह देखिएकाले मतदाता शिक्षामा विशेष जोड दिन सुझाव पनि दिए । सरकारले आगामी फागुन २१ गते तोकिएको निर्वाचन सम्पन्न गराउन तयारी तीव्र पारेको दावि गरिरहेको छ ।

# भीमफेदी कारागारबाट भागेका २६ विदेशी कैदीबन्दी अझै फरार

**काठमाडौं ।** मकवानपुरको भीमफेदी गाउँपालिकास्थित क्षेत्रीय कारागारबाट भागेकामध्ये २६ विदेशी कैदीबन्दी अझै फरार रहेका छन् ।

गत भदौ २४ गते राति १ बजेतिर कारागारको पर्खाल भत्काएर फरार भएका ३९ विदेशी कैदीबन्दी १३ जना कारागार फर्किएको र २६ जना अझै फरार रहेको कारागारका प्रमुख सुवास पौडेलले जानकारी दिएका हुन् ।

यस्तै भीमफेदी कारागारबाट फरार विदेशीसहित ४ सय ४० कैदीबन्दीमध्ये बुधबारसम्म २ सय ८६ जना कैदीबन्दी कारागार फर्किए पनि एक सय ५४ जना कैदीबन्दी अझै फरार छन् । कारागार प्रमुख पौडेलले अन्य कारागारबाट फरार भएका ७१ जना समेत भिमफेदी कारागार फर्किएका छन् । अन्य कारागारका ७१ कैदीबन्दीमध्ये ३५ जनालाई स्थानान्तरण पठाइएको, एक जना थुनामुक्त भएको र ३५ जना कारागारमा रहेको प्रमुख पौडेलले बताए ।

फरार कैदीबन्दीको खोजीको क्रममा सुरक्षाकर्मीले विभिन्न स्थानबाट कैदीबन्दीलाई नियन्त्रणमा लिई कारागारमा बुझाएको प्रमुख पौडेलले बताए । कारागारबाट भागेका फरार कैदीबन्दीको खोजी कार्य तीव्र पारिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक पुष्कर बोगटीले जानकारी दिए ।

# नेपाली समाजलाई भताभुङ्ग पार्ने प्रयास सफल हुँदैन : अध्यक्ष ओली

**भक्तपुर ।** नेपाल कम्युनिस्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले मानवीय मूल्य र नेपाली समाजलाई भताभुङ्ग पार्न खोजिएको अवस्थाबाट मुलुकलाई अगाडि बढाउनुपर्नेमा जोड दिएका छन् । उनको निवास भक्तपुरको गुण्डुमा भेला भएका विभिन्न नेता-कार्यकर्तालाई सम्बोधन गर्दै पूर्वप्रधानमन्त्री ओलीले सर्वश्रेष्ठ र सुन्दर गन्तव्यका रूपमा 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय गन्तव्य बोकेर आफूहरू अघि बढेकामा त्यसलाई रोक्न खोज्ने तत्वहरू हावी भएको आरोप लगाएका हुन् ।

असन्तुष्टिलाई सम्मानपूर्वक राख्ने नेपाली परम्परा विपरीत अशिष्ट र अमर्यादित एवं हिंस्रक रूपमा गतिविधि गरेर आन्दोलन गर्ने अभ्यास गलत भएको उनको भनाइ थियो । अध्यक्ष ओलीले सर्वोच्च अदालतको अन्तरिम आदेश विपरीत राजदूतहरूलाई परराष्ट्र मन्त्रालयमा हाजिर हुन बोलाइनु अदालतको अपमान भएको बताए ।

अध्यक्ष ओलीले सोही अवसरमा रेशम लामाद्वारा लिखित गीतिसंग्रह विमोचन गरेका थिए । गीतमा जेबी घिमिरे र प्रतिमा अर्यालको स्वर रहेको छ ।

# पवित्र तीर्थस्थल देवघाटधाममा गण्डकी परिक्रमा महोत्सव

**काठमाडौं ।** तनहुँ, चितवन र नवलपुर जिल्लामा फैलिएको पवित्र तीर्थस्थल देवघाटधाम क्षेत्रको धार्मिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित देवघाटधाम गण्डकी परिक्रमा महोत्सव आयोजना गरिएको छ । तीन जिल्लामा फैलिएको पवित्र तीर्थस्थल देवघाटधाम र गण्डकीको संगमस्थल तीर्थस्थल देवघाटधामको धार्मिक महत्व र संस्कृतिको प्रचारप्रसार गर्ने उद्देश्यसहित गण्डकी परिक्रमा महोत्सव आयोजना गरिएको हो ।

महोत्सवको प्रचारप्रसारका लागि सोमबार तनहुँको देवघाट र चितवनको भरतपुरमा मोटरसाइकल र्‍याली गरिएको महेश संस्कृत गुरुकुल देवघाटका प्रधानाचार्य फणिन्द्रप्रसाद पौडेलले जानकारी दिए । नेपाल सन्त समाजको आयोजना तथा देवघाट गाउँपालिका र देवघाट क्षेत्र विकास समितिको सहयोगमा परिक्रमा महोत्सव हुन लागेको हो । देवघाटधामको बेणी संगमबाट सुरु हुने गण्डकी परिक्रमा अन्तर्गत तनहुँतर्फ पशुपतिनाथ मन्दिर, गंगा मन्दिर, अघोर आश्रम, गलेश्वर आश्रम (सिद्धेश्वर मन्दिर), दुर्गा पाञ्चायन मन्दिर चक्रवर्ती आश्रम (मणिमुकुन्देश्वर मन्दिर), महेश सन्यास आश्रम (विद्येश्वर मन्दिर), अभय सन्यास आश्रम (रामेश्वर मन्दिर), हरिहर सन्यास आश्रम (हरिहर मन्दिर), राम मन्दिर, लक्ष्मीनारयण मन्दिर, देवघाट पुलको मुख (गणेश मन्दिर, केदारेश्वर मन्दिर र बद्रीनाथ मन्दिर)को परिक्रमा गरिनेछ ।

चितवनतर्फ देवघाट बसपार्कको संकल्पेश्वर हनुमान मन्दिर, छेदेन थर्वालिङ गुम्बा, विश्वशान्ति यज्ञशाला मन्दिर, राम मन्दिर, राधाकृष्ण मन्दिर, लक्ष्मीनारायण मन्दिर, सीताराम संस्कृत मावि, कन्या गुरुकुल, धर्मदर्शन आश्रम, योगी नरहरिनाथ गौशाला बागेश्वरी मन्दिर, आपँटारी दियालो बंगाल चोक, गणेशस्थान, बौद्ध गुम्बा बसेनी, गौरेश्वर शिव मन्दिर पोखरा बसर्पाक, राजयोग सेवा केन्द्र नारयणगढ, हरिहर मन्दिर नारयणगढ, श्रीराम मन्दिर पुल्चोकको परिक्रमा गरिनेछ ।

नवलपुरतर्फ गैंडाकोट पुल्चोकको गोपेश्वर महादेव मन्दिर, मौलाकालिका भगवती मन्दिर, वेदविद्याश्रम, शुकदेव भागवताश्रम, श्रीनिम्बाकाचार्य दर्शन केन्द्र, श्रीलक्ष्मीनृसिंह दिव्यधाम मन्दिर, बेसक्याम्प, केलादी क्षेत्र र हर्दी हुँदै पुनः तनहुँको देवपुरको साढेबगर बौद्ध गुम्बा, भुबराह मन्दिर हुँदै मणिमुकुन्देश्वर चक्रवर्ती आश्रममा आई समापन हुने कार्यक्रम रहेको पौडेलले जानकारी दिए । महोत्सवमा देवघाटधामको पूर्ण परिक्रमा, सिद्ध हरिहर क्षेत्रको भ्रमण, प्रसिद्ध मौलाकाली भगततीको दर्शन, पवित्र नदीहरूको दर्शन, धार्मिक नगरी नारायणगढको भ्रमण, रमणीय पर्वतको परिक्रमा गर्दै बैद्धिक सनातन धर्म र संस्कृतिको प्रवर्द्धन र प्रचारप्रसारको मुख्य कार्यक्रम रहेको छ ।

# बेमौसमी वर्षाले सुनसरीमा दुई अर्बभन्दा बढीको कृषिउपज नष्ट

**काठमाडौं ।** कात्तिक १३ र १४ मा भएको बेमौसमी वर्षाले सुनसरीका किसानको पाक्न लागेको धान तथा तरकारीबालीमा व्यापक क्षति पुगेको छ । जिल्लामा लगाइएको धान, तरकारीबालीमा क्षति पुग्दा करिब दुई अर्ब बराबरको नोक्सान भएको जिल्लास्थित कृषि ज्ञान केन्द्रले बताएको हो ।

केन्द्रका प्रमुख नीलकमल सिंहका अनुसार जिल्लाको ४८ हजार ९ सय हेक्टर क्षेत्रफलमा लगाइएको धानखेतीमध्ये करिब १४ हजार ४ सय हेक्टर धानखेतीमा वर्षाले क्षति पुर्‍याएको जानकारी दिए । वर्षाले राधाबार, बास्मतीलगायत जातका धानबालीमा बढी क्षति पुगेको छ । 'अगौटे जातका करिब २० प्रतिशत किसानले धान काटिसकेका थिए, बाँकी हावाहुरी र वर्षाले खेतमा लडाएको छ' सिंहले भने 'अहिलेसम्म करिब नौ हजार ६ सय हेक्टर क्षेत्रफलको धान मात्र काटिएको छ । बाँकी बाढी र निरन्तरको वर्षाका कारण कुहिने अवस्थामा पुगेको छ ।'

रामधुनी नगरपालिका-९ का किसान जंगबहादुर घिमिरेले दुई बिघा क्षेत्रफमा लगाएको धानबाली वर्षाले पूरै नष्ट बनाएको छ । उनले वर्षाबाट खेतमा बाँकी रहेको धान समेत कुहिने अवस्था पुगेको बताए । 'करिब १२ कट्ठा जति धान खान वा गाईवस्तुलाई घाँसका रूपमा प्रयोग गर्न पनि नमिल्ने गरी क्षति भएको छ । दुई दिनको वर्षाले दुई लाखभन्दा बढीको नोक्सानी भयो' उनले भने ।

रामधुनीका किसान सुरकुमार राईले करिब नौ कट्ठामा लगाएको तरकारी र आठ कट्ठाको धान बेमौसमी वर्षाले नष्ट पारेको बताए । उनले फलिसकेको तरकारी पाक्न लागेको धान सबै खेतमा सोतर भएपछि वर्षदिन गुजारा गर्ने चिन्ताले सताउन थालेको बताए । वर्षाका कारण सुनसरीमा चार सय ५८ हेक्टरमा हुने कोदोखेतीमध्ये करिब १० प्रतिशतमा क्षति पुगेको कृषि ज्ञानमा केन्द्रका प्रमुख सिंहले बताए । 'कोदोको बोट अलिक होचो र बलियो हुने भएकाले कम क्षति भयो' उनले भने ।

वर्षाले फलेका काँक्रो, परवल, बोडी, घिरौंलालगायत तरकारी तथा बिरुवा पनि नष्ट भएको प्रमुख सिंहले बताए । वर्षाका कारण जिल्लामा ५ सय ३० हेक्टर क्षेत्रफलमा लगाइएको केरा खेतीमध्ये ८० प्रतिशत नष्ट हुनुका साथै उखुखेतीमा समेत केही क्षति पुगेको उनले बताए । ज्ञान केन्द्रका अनुसार जिल्लाका देवानगञ्ज, रामधुनी, कोशी, इनरुवा र भोक्राह नरसिंह गाउँपालिकामा सबैभन्दा बढी धान, केरा र तरकारीखेतीमा वर्षाले क्षति पुर्‍याएको छ ।

# बेमौसमी वर्षाले गुल्मीमा पाँच करोडको धानबाली नष्ट

**काठमाडौं ।** केही दिन अघिदेखि परेको बेमौसमी वर्षाले गुल्मी जिल्लामा लगाइएको धानबालीमा करोडौंको नोक्सान पुर्‍याएको छ । जिल्लाको सात हजार ९ सय ८८ हेक्टर क्षेत्रफलमा लगाइएको धानबाली वर्षाका कारण नष्ट हुँदा पाँच करोडको बराबरको क्षति भएको हो ।

जिल्लामा यस वर्ष सात हजार ९ सय ८८ हेक्टर क्षेत्रफलमा धानखेती गरिएकोमा २२ हजार हजार ९ सय ९ मेट्रिक टन उत्पादन हुने प्रक्षेपण गरिएको थियो । कृषि ज्ञान केन्द्रका सूचना अधिकारी टीकाराम न्यौपानेले वर्षाका कारण एक हजार २ सय ६० मेट्रिक टन धान नष्ट भएको छ । उनले गुल्मीको सबैभन्दा धेरै धान उत्पादन हुने चौरासी फाँटमा ९ सय ९९ हेक्टरमा लगाइएको धानमध्ये ४० प्रतिशत नोक्सान भएको बताए ।

इस्मा गाउँपालिका-६ का कृष्णप्रसाद घिमिरेको काटिसकेको १८ रोपनी खेतको धानमा पनि क्षति भएको छ । अर्का किसान निराजन भण्डारीको पनि १९ रोपनी खेतमा काटेको धान भिजेको छ। कात्तिक १०, ११ र १२ गते परेको बेमौसमी वर्षाले गुल्मीमा ११ प्रतिशत धान नष्ट भएको छ। कृषि ज्ञानकेन्द्र गुल्मीका अनुसार हाल जिल्लामा उत्पादन हुनेमध्ये ११ प्रतिशत काटिसकेको धान पानीमा भिजेको छ ।

'घाम लागेकै बेला उठाउन पाएको भए थ्रेसर लगाएर झाटिन्थ्यो, धान र पराल छुट्टाछुट्टै हुन्थ्यो' उनले भने 'अहिले घाम लागेपछि झाँट्न सुरु गरेको, टुसा पलाएको छ ।' स्थानीय किसान निराजन भण्डारीको पनि १९ रोपनी खेतमा काटेको धान भिजेको जानकारी दिँदै भने 'अब त धानमा टुसा आउने बेला भयो, त्यस्तो धान बिक्री नहुने समस्या हुन्छ । पानीमा भिजेको पराल गाईवस्तुले पनि रुचाउँदैनन् ।'

# कमला नदीमा स्नान गर्ने भक्तजनको घुइँचो

**काठमाडौं ।** कार्तिक पूर्णिमाको अवसरमा बुधबार बिहानैदेखि सिरहा र धनुषा जिल्लाको सीमा भएर बग्ने कमला नदीमा स्नान गर्ने भक्तजनहरूको भीड लागेको छ ।

धार्मिक मान्यताअनुसार कमला नदीमा स्नान गर्दा 'भूत-प्रेत' हट्ने विश्वासअनुसार विभिन्न जिल्लाबाट श्रद्धालुहरू नदीमा स्थान गर्न पुगेका हुन् । हरेक वर्षभैंं यस वर्ष पनि कमला नदी क्षेत्रको इनर्वा, ब्यारेज, कमला पुल, सिक्रौन, चतरी, बेलहा, बडेर्वा, पटेर्वा, बसबिट्टा र सीमावर्ती भारतको जयनगरसम्म बिहानैदेखि भक्तजनहरूको ठूलो भीड लागेको छ। उदयपुर, सप्तरी, सिरहा, धनुषा, सर्लाही, महोत्तरी, रौतहट तथा भारतको बिहारसम्मका श्रद्धालुहरू कमला स्नानका लागि आएका छन् । स्थानीय निकायहरूले मेलाले धार्मिक एकता, सामाजिक सद्भाव र पर्यटन प्रवर्द्धनमा सहयोग पुर्‍याउने विश्वास व्यक्त गरे ।

सिरहा जिल्लाको प्रमूख धार्मि, सांस्कृतिक र ऐतिहासिक धरोहरका रूपमा लिने गरिएको पूर्णिमा स्नानका अवसरमा सिरहा नगरपालिका, कल्याणपुर नगरपालिका, कर्जन्हा नगरपालिका र विष्णुपुर गाउँपालिकाले स्थानीय बिदा दिएका छन् ।

# हिमपातपछि तिलिचो र थोराङ्लाको बाटो खुलाउने प्रयास

**काठमाडौं ।** लगातारको हिमपातका कारण यतिबेला मनाङको जनजीवन प्रभावित भएको छ। पर्यटकीय याममा तिलिचो ताल, थोराङ्ला भञ्ज्याङ, लार्के पास तथा मनास्लु पदयात्राका लागि जानेहरूको तालिका बिग्रिएको छ ।

हिउँले पदमार्ग पुरिएपछि यात्रा अघि बढाउन मुस्किल छ। यात्रा सहज बनाउने उद्देश्यले मनाङ जिल्ला प्रशासन, स्थानीय तह, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना एकाई (एक्याप) मनाङ, पर्यटन व्यवसायीको संयुक्त सहमतिमा बाटो खुलाउने प्रयास भइरहेको प्रमुख जिल्ला अधिकारी नवराज पौड्यालले जानकारी दिए । 'हिमपात भएपछि यात्रा प्रभावित भएको छ, बाटो खुलाउने प्रयास भइरहेको छ' अहिले मौसम खुल्दै गएकाले पथपदर्शक भएका पर्यटकलाई तिलिचोको बाटो बनाउँदै जान दिने निर्णय भएको बताए 'पथपदर्शकबिना आएका पर्यटकलाई माथिल्लो क्षेत्रतर्फ जान रोक लगाइएको छ ।' प्रमुख जिल्ला अधिकारी पौड्यालले हिमपातपछि माथिल्लो क्षेत्रसँग सञ्चार हुन मुस्किल रहेको बताए । जोखिमलाई मध्यनजर गरी पथपदर्शकबिना पदयात्रा रोक लगाइएको जानकारी दिए ।

मनाङ साथै मुस्ताङ र गोर्खाको प्रमुख जिल्ला अधिकारीबीच समन्वय गरी पदयात्रालाई निरन्तरता दिन लागिएको उनले जानकारी दिए । हिमाली भेगमा परेको भारी हिमपातले रोकिएको पदयात्रालाई निरन्तरता दिन लागिएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना एकाइ मनाङका प्रमुख ढकबहादुर भुजेलले जानकारी दिए । 'तिलिचो आधार शिविरसम्म बाटो खोलिसकिएको छ' उनले भने 'तिलिचो तालसम्म बाटो खुलाउने प्रयास गर्ने तयारी भएको छ । तलबाट पर्यटक माथिल्लो भेगतर्फ लागेका छन् । तर, हिउँ बाक्लो र बाटो पुरिएको छ। खुलाउने प्रयास जारी छ ।'

थोराङ्लातर्फ पर्यटक जानेक्रम पनि सुरु भएको उनले भने 'इन्टरनेट तथा सञ्चारको पहुँच राम्रो छैन । माथिल्लो क्षेत्रसँग प्रत्यक्ष रूपमा सम्पर्क गर्न सकिएको छैन । माथिबाट फर्किएका पर्यटक तथा पोर्टरसँग जानकारी लिँदा गइरहेका छन् भन्ने पाइएको छ, थोराङ्लातर्फ आज मात्रै करिब दुई सय विदेशी पर्यटक हिँडेका छन् ।' पथप्रदर्शक नभएका पर्यटकलाई पथप्रदर्शक भएका पर्यटकको समूहमा मिलेर यात्रा गर्न आग्रह गरिएको एक्याप प्रमुख भुजेलले बताए । मनाङ डिस्याङ गाउँपालिका-९ का वडाध्यक्ष चोल्पा गुरुङले विदेशबाट अन्नपूर्ण पदमार्गमा यात्रा गर्नकै लागि पर्यटक आउने भएकाले सहज बनाउने उद्देश्यले बाटो खुलाउन स्थानीय तह, जिल्ला प्रशासन, सुरक्षा निकाय, पर्यटन व्यवसायीले संयुक्त रूपमा बाटो खुलाउन लागिपरेको बताए । 'साहसिक यात्रामा आउने पर्यटकलाई सुरक्षित यात्राको जानकारी दिएर यात्रालाई निरन्तरता दिनुपर्छ । रोकिएका पर्यटकलाई सहज बाटो बनाउनुपर्छ भनेर तिलिचो तालको बाटो खुलाउन लागिएको हो' उनले भने ।

जिल्ला प्रशासनले हिमपात रोकिए पनि हिमपहिरो आउनसक्ने जोखिम रहेको भन्दै एक सातासम्म पदयात्रामा नजान रोक लगाइएको थियो । अन्नपूर्ण संरक्षण क्षेत्रको पदयात्राका लागि आन्तरिक तथा बाह्य पर्यटकको यात्रालाई सहज बनाउन हिउँ पन्छाएर सहज बनेको छ । तर, माथिल्लो क्षेत्रमा हिउँ बाक्लो नै रहेको छ। जोखिमलाई मध्यनजर गर्दै यात्रा गर्न सुझावसहित आजदेखि यात्रा खुला गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

# बाढीपहिरोले पाँच राजमार्ग अवरुद्ध

**काठमाडौं ।** बाढीपहिरोका कारण मुलुकका पाँच राजमार्ग अझै अवरुद्ध छन् । नेपाल प्रहरीका प्रवक्ता एवं प्रहरी नायव महानिरीक्षक विनोद घिमिरेले वर्षाका कारण पाँच राजमार्ग पूर्णरूपमा अवरुद्ध तथा दुई राजमार्ग एकतर्फी सञ्चालनमा आएका जानकारी दिए ।

सङ्खुवासभाको भोटखोलास्थित कोशी राजमार्ग, इलामको मेची राजमार्ग, रसुवाको गोसाईकुण्ड गाउँपालिकास्थित नेपाल-चीन जोड्ने राजमार्ग, रसुवास्थित पासाङ ल्हामु सडक र मुस्ताङमा पर्ने जोमसोम-कोरोला सडकखण्ड अवरुद्ध छन् । बाढीपहिरो जाँदा धनकुटाको साँगुरीगढी गाउँपालिका-६ मा पर्ने कोशी लोकमार्ग एकतर्फी सञ्चालनमा आएको प्रहरीले जनाएको छ ।

# दासढुंगादेखि मुग्लिनसम्मको सडक सधैं पहिरोको जोखिममा

**काठमाडौं ।** नारायणगढ-मुग्लिन सडकखण्डको दासढुंगादेखि मुग्लिनसम्मको सडकखण्ड पहिरोका कारण सधैं जोखिमपूर्ण हुने गरेको छ। पानी पर्दा लेदोसहितको पहिरो र पानी नपर्दा सुक्खा पहिरो खस्ने गरेको हो ।

चीन सरकारको सहयोगमा निर्माण भएको यो सडक अहिले आधुनिक रूपमा विस्तार भए पनि, प्रकृतिको जोखिमबाट अझै सुरक्षित हुन सकेको छैन । सडक डिभिजन कार्यालय भरतपुरका सूचना अधिकारी इ कृष्णप्रसाद आचार्यका अनुसार नारायणगढ-मुग्लिन सडक विसं २०३३ मा चीन सरकारको सहयोगमा निर्माण गरिएको हो । सुरुआती चरणमा यो सडक मिडियम लेनमा पाँच दशमलव पाच मिटर चौडाइमा बनेको थियो ।

राजधानी काठमाडौं जाने प्रमुख मार्गको रूपमा विकसित यो सडकमा दैनिक हजारौं सवारीसाधन गुड्ने गर्दछन् । बढ्दो यातायातलाई मध्यनजर गर्दै विसं २०७०/७१ सालदेखि सडकलाई डेडिकेटेड डबल लेनमा विस्तार गर्ने कार्य सुरु गरी विसं २०७५ मा विस्तार कार्य सम्पन्न गरिएको आचार्यले जानकारी दिए । यससँगै सडकमा रहेका १९ वटा पुललाई पनि डबल लेनमा रूपान्तरण गरिएको छ। पछिल्लो समय विश्व बैंकको ऋण सहयोगमा सडक विस्तार र पुल निर्माणको काम गरिएको हो। सूचना अधिकारी आचार्यका अनुसार दासढुंगादेखि मुग्लिनसम्मको भू-बनोट पहिरो जाने प्रकारको भएकाले यो सडकखण्ड जोखिमयुक्त मानिन्छ । अधिकांश स्थानमा भाँचिएको ढुंगा 'फ्याक्चर्ड रक'का पहाड भएकाले पहिरोको जोखिम बढी रहेको छ। हरेक वर्ष सक्रिय पहिरोका स्थानहरू परिवर्तन हुँदै जाने गरेको उनले बताए ।

विगतका वर्षहरूमा मौरीखोला र सेती दोभानखोला क्षेत्रमा बढी समस्या हुने गरेको भए पनि हालका वर्षहरूमा तुइनखोला, कालीखोला र नाम्सीखोलामा पहिरोको जोखिम बढी रहेको आचार्यले बताए। यो वर्ष तुइनखोलामा १६० मिटर, नाम्सीखोलामा १५० मिटर र कालीखोलमा ५० मिटर पहिरोको उच्च जोखिमा रहेको उनले बताए। जोखिम न्यूनीकरणका लागि सडक डिभिजन कार्यालयले पहिरो हटाउने उपकरण तयारी अवस्थामा राखेको र नियमित रूपमा काम भइरहेको आचार्यले जानकारी दिए । पहिरो रोक्नका लागि योजना बनाएर विभागमा पठाइएको छ। उनले आफूहरूले तयार पारेको योजना सहमतिका लागि बिभाग पठाइएको र अध्ययनको क्रममा रहेको बताए ।

डिभिजन सडक कार्यालय भरतपुरका प्रमुख नारायण लामिछानेका अनुसार यसअघि पहिरो खस्दा तुइनखोलामा पुलपट्टीको ढिस्को बाँकी रहेको थियो । सोही ढिस्कोको केही भाग हिजोआज खस्ने गरेको छ। पटक-पटक गरेर पहिरो खस्दा सडक जोखिमपूर्ण वनेको छ । गत महिना सो ठाउँमा पहिरो खस्दा लामो समय सडक अवरुद्ध भएको थियो । पहिरो नियन्त्रणका लागि योजना बनाइएको सो पहाडको धेरै भाग झरेपछि कार्यालयले सडक विभागमा पहिरो नियन्त्रणका लागि पुनः लागत तयार गर्न फाइल पेस गरेको छ। यसअघि तुइनखोलासहित विभिन्न ठाउँमा पहिरो नियन्त्रणका लागि ३९ करोडको लगत तयार गरी विभागमा पेस गरिएको थियो । पहिरो नियन्त्रण गर्नुपर्ने मुख्य पहाडको रूपमा रहेको तुइनखोला नजिकैको पहाडको स्वरूप पहिरोले परिवर्तन गरेपछि स्टिमेट पुनः गर्न लागिएको हो। यही हिउँदमा काम गर्नुपर्ने भएकाले विभागलाई यथासक्य छिटो निर्णय प्रक्रियामा लैजान आग्रह गरिएको उनले बताए । यो सडक हुँदै राजधानी काठमाडौं र गण्डकी प्रदेशका विभिन्न जिल्लाहरू सवारीसाधन जाने आउने गर्दछन् । ती जिल्लाका लागि लाइफलाइनका रूपमा यो सडकलाई हेर्ने गरिन्छ ।

डिभिजन सडक कार्यालयले जोखिमपूर्ण ती क्षेत्रमा पहिरो रोकथामको काम गर्न गत वर्षनै विभागमा प्रस्ताव गरेको भए पनि समयमा ध्यान नदिँदा यो बर्षातमा यात्रुहरूले दुःख पाएका हुन् ।

# मूल्य खस्किएपछि अदुवा किसान मारमा

**काठमाडौं ।** दाङको तुलसीपुर उपमहानगरपालिका-१९ छिल्लीकोटका किसान विकास खड्काको बारीमा अनुमानित ५० क्विन्टल अदुवा छ । यतिबेला बारीको अदुवा खनेर बजार पठाइसक्नु पर्ने हो । तर बजार भाउ नभएका कारण खड्काले अदुवा अझै खन्नुभएको छैन ।

गत वर्ष यही याममा ५५ देखि ६० प्रतिकिलो अदुवा बेच्नुभएका खड्कालाई अहिले बजार भाउले निकै खिन्न बनाएको छ । बजार भाउ ३० देखि ३५ रहेका कारण अदुवा खन्ने जाँगर नलागेको उनले बताए। अन्य कृषि बाली छोडेर अदुवा रोपेका उनले यो वर्ष भाउ नपाउँदा किसान निराश भएको खड्काले बताए 'यो वर्ष अदुवा बिक्रीबाट लगानी पनि नउठ्ने अवस्था छ, बजार भाउ नपाउँदा यो वर्ष अझै खनेको छैन ।' बेमौसमी वर्षाले पनि अदुवामा केही क्षति गरेको उनले बताए उनले गत वर्ष दुई लाखको अदुवा बिक्री गरेको सम्झिए ।

छिल्लीकोटकै पलबहादुर खड्काले पनि गत वर्ष अदुवाले भाउ पाएको देखेर ५० हजारको बीउ किनेर अदुवा लगाएका थिए तर अहिले अदुवाको भाउ सुनेर उनले पनि निराश व्यक्त गरे बीउ किन्दाकै ५० हजारको सावाँब्याज अहिले ६५ हजार पुगेको छ । उनलाई अदुवाको बीउ किन्दा लिएको ऋणको साँवाब्याज कसरी तिर्ने भन्ने पिरलो छ। बजारमा व्यापारीले सस्तोमा भारतबाट अदुवा भित्र्याउँदा स्थानीयले उत्पादन गरेको अदुवा बिक्री नहुने अवस्था भएको छ। 'बीउको ऋण तिर्न समस्या छ। अहिलेको अवस्थामा रहेको मूल्यमा अदुवा बिक्री गर्दा ऋण तिर्न पनि पुग्दैन' उनले भने । पहाडी क्षेत्रमा जंगली जनावरले क्षति नगर्ने र राम्रो आम्दानी हुने भएपछि अधिकांश किसानले अदुवा रोप्ने गरेका छन् । तर मूल्य नपाउँदा किसान मर्कामा परेको स्थानीय पूर्णबहादुर पुन बताए ।

उनका अनुसार जिल्लाका स्थानीय ३०/३५ घरले अदुवाखेती गर्ने गरेका छन् । छिल्लीकोट क्षेत्रबाट मात्रै वार्षिक ६ सय क्विन्टल बढी अदुवा बिक्री हुने गरेको छ । अदुवाको बजारीकरणमा स्थानीय सरकारले सहयोग गरेमा सहज हुने उनीहरूको आशा छ ।

# अत्यधिक सवारी चापका कारण दाउन्ने छिचोल्न निकै सकस

**त्रिवेणी (नवलपरासी) ।** आइतबार बर्दघाटबाट दाउन्ने पार गरी दुम्किबास निस्किन झण्डै १२ घन्टा लागेको कावासोतीका दीप काफ्लेले बताए । दिनभरि निरन्तरको झरी र सडक मर्मतका कारणले उनीजस्ता कयौं यात्रुहरूले यस्तै सास्ती निरन्तर भोग्नु परेको छ ।

केही दिनअघिको झरीका कारण बाटो हिलो र चिप्लो हुँदा दाउन्नेको यात्रा निकै कष्टकर बनेको यात्रुहरूको गुनासो छ। पूर्वपश्चिम राजमार्गअन्तर्गत नवलपरासीको दाउन्ने खण्डको यात्रा सकसपूर्ण हुन थालेको लामो समय भइसक्यो । नारायणगढ-बुटवल सडक विस्तारको काम सुरु भएदेखि दाउन्नेबाहेकको अन्य क्षेत्रमा धेरै जसो काम सकिए पनि दाउन्ने खण्ड नसकिँदा यात्रा कष्टकर भएको हो ।

नवलपरासी (बर्दघाट सुस्ता पूर्व) र नवलपरासी (बर्दघाट पश्चिम) दुई जिल्लाको सीमामा पर्ने दाउन्नेमा करिव १४ किलोमिटर खण्डमा यो समस्या छ । जसमध्ये पश्चिम खण्डमा ठूलो समस्या नभएपनि पूर्वी खण्डमा भने जीर्ण सडकका कारण यात्रा कष्टकर हुने गरेको यात्रु काफ्लेले सुनाए। पानी परेको समयमा मात्र नभई अन्य समयमा समेत दाउन्ने खण्डमा कल्भर्ट निर्माण, ढलानलगायतका काम गर्दा बाटो एकतर्फी सञ्चालन गर्ने गरिएकाले दाउन्ने वारपार गर्न घन्टौं लाग्ने गरेको छ ।

सडक विस्तार दाउन्ने खण्डमा सुस्ता हुँदा समेत यो खण्डमा यात्रा गर्न समस्या हुँदै आएको यात्रुहरूको भनाइ छ। सडक निर्माणका क्रममा कतिपय ठाउँमा एकतर्फी रूपमा सडक सञ्चालनमा छ। मुख्यगरी विश्वकर्मा मन्दिर, घ्युखोला, त्रिसठ्ठी मोडमा समस्या हुँदै आएको छ । एकतर्फ जीर्ण सडक अर्कोतर्फ उक्त खण्डमा बेलाबेलामा सवारी बिग्रँदा सडक पूर्ण अवरोधजस्तै हुने गरेको यात्रुको गुनासो छ । पानी पर्दा सधैंजसो दाउन्नेको सडक चिप्लो भएर यातायात सञ्चालनमा समस्या हुने गरेको छ। अन्य समयमा समेत यात्रा उस्तै कष्टकर हुने गरेको छ । केही दिनअघि परेको झरीले सहज रूपमा यातायात सञ्चालन नहुँदा दाउन्ने क्षेत्रमा सवारीको ठूलो जाम लाग्ने गरेको छ ।

जिल्ला प्रहरी कार्यालय नवलपरासी पूर्व, नवलपुरले सोमबार सूचना जारी गरी वैकल्पिक मार्ग प्रयोग गर्न यात्रुहरूलाई अनुरोध गरेको छ। जिल्ला प्रहरी कार्यालय नवलपुरका प्रहरी प्रमुख प्रहरी उपरीक्षक युवराज खड्काका अनुसार दाउन्नेमा अहिले पनि बाटो चिप्लो हुँदा सवारी सहज रूपमा वारपार हुन सकेका छैनन् । कतिपय स्थानमा सवारी बिग्रिएकाले समेत सडक एकतर्फी रूपमा सञ्चालन भएपनि अवस्था सहज नभएको उनले बताए ।

'केही दिनदेखिको सवारीको चाप छ, बाटो चिप्लो हुँदा उकालोमा सवारी उक्लिन सकिरहेका छैनन्, ठाउँठाउँमा बिग्रिएका सवारीले समेत बाटो छेकेको छ, हामीले सहज बनाउने प्रयास गरिरहेका छौं, सकभर अहिले यो बाटो भएर यात्रा गर्नेहरूले वैकल्पिक बाटो प्रयोग गरिदिनुहोला भन्ने अनुरोध छ'- प्रहरी उपरीक्षक खड्काले भने ।

# चार गणेशलाई चौरासी व्यञ्जनसहित भोजन

**भक्तपुर ।** मध्यपुरथिमि नगरपालिकास्थित नगदेशका स्थानीयले आज उपत्यका चार गणेश मन्दिरमा सङ्कल्प पूजा गरी चौरासी व्यञ्जन भोजन अर्पण गरेका छन् । देशमा कुनै पनि अनिष्ट नहोस् र शान्ति कायम होस् भन्ने कामना गर्दै प्रत्येक चार वर्षमा एक पटक हुने सङ्कल्प पूजा आज मध्यपुरथिमिको नगदेशस्थित नगदेश न्हु हिति सांस्कृतिक समूहले सङ्कल्प पूजा एवं चौरासी व्यञ्जन भोजन अर्पण गरेको हो ।

## माओवादी–समाजवादी...

रूपान्तरण गर्दै समाजवादको आधार तयार पार्नु नै पार्टीको तत्कालीन कार्यनीति रहेको हमालले उल्लेख गरे।

एकीकृत पार्टीले छ महिनाभित्र एकता राष्ट्रिय महाधिवेशन सम्पन्न गरिसक्ने सहमति भएको छ। एकता प्रक्रियामा सहभागी पार्टीका साविकका केन्द्रीय समितिलाई आपसी सहमतिका आधारमा समायोजन गरी केन्द्रीय समिति गठन गरिने उल्लेख गरिएको छ। केन्द्रीय समितिसहित प्रदेश, जिल्ला, पालिका र वडा तहका सबै समितिहरूमा संयोजक र सहसंयोजकको व्यवस्था गरिने सहमति भएको छ।

एकतामा सहभागी दल र समूहहरूबीच एकता राष्ट्रिय सम्मेलन र एकता महाधिवेशनमा सहभागी हुने प्रतिनिधि, संगठनात्मक संरचनाको गठन इत्यादि आपसी सहमति र समझदारीमा गरिने सहमति भएको बताइएको छ। पार्टीका समितिहरूको सञ्चालन सामूहिक नेतृत्व प्रणालीमा आधारित रहेर जनवादी केन्द्रीयताको सिद्धान्तअनुरूप हुने उल्लेख गरिएको छ।

काठमाडौंको भृकुटीमण्डपमा भएको एकता घोषणासभाको उद्घोषण गर्दै माओवादीका सचिवालय सदस्य वर्षमान पुनले जनताको भावना बुझ्ने पार्टी बनाइने ठोकुवा गरे। 'हामी सुशासनसहित लोकतान्त्रिक पार्टी बनाउने छौं,' पुनले दावी गरे- 'हामी सुशासनसहित लोकतान्त्रिक पार्टी बनाउने छौं।'

पार्टीको नाम 'नेपाली कम्युनिस्ट पार्टी र चुनाव चिह्न पाँचकुने तारा राख्ने सहमति भएको समेत पुनले बताए। नयाँ पार्टीको संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' र सहसंयोजक माधवकुमार नेपाल रहने पनि उनले बताए। एकता घोषणा भएसँगै आफूहरूले पार्टी दर्ताका लागि निर्वाचन आयोगमा निवेदन दिने तयारी गरेको समेत पुनले जानकारी गराए।

यता एकता घोषणा कार्यक्रम भइरहँदा अर्कातिर माओवादी केन्द्रबाट अगल भएका उपमहासचिव जनार्दन शर्मा र उनी समर्थक समूहले छुट्टै अभियान तथा एकीकृत समाजवादीका तत्कालीन महासचिव घनश्याम भुसालले 'वाम एकता' को अभियान सुरु गर्ने घोषणा गरे। माओवादी केन्द्रले विभिन्न वाम समूहहरूसँग एकता गर्ने निर्णय गरेपछि उपमहासचिव शर्माले मंगलबार पत्रकार सम्मेलन गरी प्रगतिशील अभियान सुरु गर्ने बताएका थिए। एकता गर्ने निर्णयप्रति असहमति व्यक्त गर्दै शर्माले फरक राजनीतिक बाटो रोजेका हुन्। ललितपुरको बखुण्डोलस्थित एक क्याफेमा पत्रकार सम्मेलन गरी शर्माले आफ्नो नयाँ राजनीतिक कार्यक्रम अगाडि सारे। सो कार्यक्रममा पूर्वमन्त्री सुदन किराती, नेतृ अञ्जना विशंखे, शर्माका भाइ ओपेन्द्र, कोशी प्रदेश अध्यक्ष मिक्सोलगायत शर्मानिकट नेताहरू सहभागी भए।

माओवादी र आफ्ना अध्यक्षसहितका पार्टी र समूह मिलेर नेपाली कम्युनिस्ट पार्टी बनेपछि त्यसलाई अस्वीकार गरी लगभग एक्लै भएका एकीकृत समाजवादीका महासचिव भुसालप्रति असन्तुष्टि जनाउँदै एकता घोषणा कार्यक्रममा सम्मानित नेता झलनाथ खनालले भने- 'मैले कमरेड प्रचण्डलाई भनिसकेको छु, हामी ती कुराहरू मिलाउँछौं भनेर उहाँले प्रतिबद्धता व्यक्त गर्नुभएको छ। त्यही विश्वासका आधारमा केही विमति भए पनि एकताको कुनै विकल्प छैन भनेर एकतामा बल पुऱ्याउनका लागि म यहाँ आएको हुँ।' आफू सधैं वाम एकताको पक्षमा रहेको उल्लेख गर्दै कम्युनिस्ट पार्टीभित्र छिरेका केही प्रवृत्तिका कारण पार्टी टुटफुट हुने गरेको नेता खनालले टिप्पणी गरे।

बुधबार पत्रकार सम्मेलन गरेका महासचिव भुसालले एकताका नाममा उल्टो बाटो हिँडेर तमासा देखाइएको आरोप लगाए। यसले कम्युनिस्ट आन्दोलनलाई अझै समस्याग्रस्त बनाउने भन्दै लामो समयदेखि गलत नेतृत्वले अराजनीतिक बनाएका कार्यकर्ताको ठूलो पंक्ति निराश रहेको र अर्को ठूलो पंक्ति आत्मरक्षा वा आत्मस्वार्थका कारण नेताको पछाडि लागेर सुरक्षा खोजिरहेको उनले जिकिर गरे।

## मंसिरभित्रै...

कार्यसमिति बैठकमा प्रा डा गोविन्दराज पोखरेल, अजयबाबु शिवाकोटी, माया राई, सुशीला ढकाल (आचार्य), गङ्गा शाही र सीतादेवी देवकोटाले आ-आफ्नो धारणा व्यक्त गरेका पार्टीका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए। अर्को बैठक बिहीबार बिहान बस्ने तयारी रहेको पनि पोखरेलले बताए।

# नेकपाले उमेरहद र कार्यकाल तोक्ने, २० प्रतिशत 'जेन–जी' सुनिश्चित

**काठमाडौं ।** विभिन्न दसवटा वामपन्थी पार्टी मिलेर बनेको 'नेपाली कम्युनिस्ट पार्टी'ले नेतृत्व विकास र हस्तान्तरणको वैज्ञानिक विधि स्थापित गर्दै पार्टी पदाधिकारीको उमेर हद र कार्यकाल तोक्ने भएको छ। बुधबार आयोजित पार्टी एकता घोषणा तथा एकताको राष्ट्रिय सम्मेलनमा प्रस्तुत घोषणापत्रमा पार्टीका सबै कमिटीमा ३५ प्रतिशत महिला, २० प्रतिशत 'जेन-जी' नवयुवा तथा युवा, १५ प्रतिशत दलित र ५ प्रतिशत मुस्लिम समुदायबाट प्रतिनिधित्व गराइने उल्लेख छ।

सोही घोषणापत्रमा जनवादी केन्द्रीयताको सिद्धान्तका आधारमा सामूहिक नेतृत्व एवं व्यक्तिगत उत्तरदायित्व वहन गर्नेगरी पार्टीको निर्माण र सञ्चालन गरिनेछ भने पार्टीको रणनीतिक लक्ष्य वैज्ञानिक समाजवाद हुने समेत उल्लेख गरिएको छ। राज्यसत्ता सञ्चालनमा आमजनताको संस्थागत सहभागिता र सरकारको काममा निगरानी गर्ने व्यवस्था सुनिश्चित गरिनेछ। जनअपेक्षाअनुरूप काम नगर्ने जनप्रतिनिधिलाई प्रत्याश्वान गर्ने व्यवस्था गरिनेछ।

पहिलो चरणमा सामान्यतः तीनखम्बे अर्थतन्त्रका रूपमा सार्वजनिक क्षेत्र, सामूहिक वा सहकारी क्षेत्र र निजी क्षेत्रमा उद्योगधन्दा विकास गरिनेछ। सार्वजनिक क्षेत्रको क्रमशः विस्तार गर्दै लगिनेछ तथा वित्तीय एकाधिकार तथा दलाल पुँजीवादको शोषण र हस्तक्षेपबाट मुक्त एवं सार्वजनिक, सहकारी र निजी क्षेत्रको समन्वय, सहकार्य र गतिशील भूमिकासहितको समाजवादी अर्थतन्त्र निर्माण गरिनेछ। स्वदेशी कच्चापदार्थ र श्रमशक्ति प्रयोग हुने उद्योगधन्दाको व्यापक विस्तार र विकास गरी पर्याप्त मात्रामा रोजगारी सिर्जना गरिनेछ। देशको सम्पूर्ण श्रमसक्षम जनशक्तिलाई 'योग्यताअनुसारको काम र कामअनुसारको दाम' उपलब्ध गराउने गरी आर्थिक क्षेत्रको द्रुततर विकास गरिनेछ।

यस्तै, नेपाल कम्युनिस्ट पार्टीले २३ बुँदे प्रतिबद्धतापत्र पनि सर्वसम्मत रूपमा स्वीकृत गरेको छ। नवगठित पार्टीको प्रतिबद्धतापत्रमा नेपालको राष्ट्रिय स्वाधीनता, भौगालिक अखण्डता, स्वाभिमान र स्वतन्त्रता अक्षुण्ण राख्न दृढतापूर्वक लागिरहने, राष्ट्र र जनताप्रति इमानदार, निष्ठावान र समर्पित भई काम गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ। समाजवादी क्रान्ति र कार्यक्रमप्रति प्रतिबद्ध रही सो पार्टीले आफ्नो स्थापनाकालदेखि राख्दै आएको वैज्ञानिक समाजवाद स्थापनाको महान लक्ष्य प्राप्त गर्ने दिशामा दृढतापूर्वक अघि बढ्ने प्रतिबद्धता व्यक्त गरेको छ। वर्तमान संविधानको रक्षा गर्दै शासकीयस्वरूप र निर्वाचन प्रणाली, संघीयताको सवलीकरण तथा स्थानीय तह र जप्रतिनिधिको संख्या घटाउनेलगायत विषयमा पहल गर्ने प्रतिबद्धता समेत नवगठित नेपालले गरेको छ।

भ्रष्टाचार, अनियमितता र ढिलासुस्तीको अन्त गर्न तथा सुशासन, पारदर्शीता, सामाजिक न्याय र मुलुकको समृद्धिका लागि निरन्तर पहल गर्ने तथा उच्चस्तरीय अधिकारसम्पन्न सम्पत्ति जाँचबुझ आयोग गठन गरेर अहिलेसम्म सार्वजनिक पद धारण गरेका सबै व्यक्तिको सम्पत्ति छानबिन गरी भ्रष्टाचारीलाई कडा कारबाही गराउन प्रभावकारी पहल गर्ने घोषणा समेत सो पार्टीले गरेको छ। नवगठित नेकपाले राज्यको सेवा प्रवाहलाई छिटो, छरितो र चुस्तदुरुस्त बनाउन र शिक्षा, स्वास्थ्यलगायत आधारभूत सेवा प्रवाहमा आमजनताको पहुँच स्थापित गर्न विशेष पहल गर्ने पनि सोही प्रतिबद्धता समावेश गरेको छ।

यस्तै, विगतका कामको समग्र समीक्षा गरेर भएका कमी कमजोरी सच्याउँदै कार्यशैलीमा व्यापक सुधार, पुनर्गठन र रूपान्तरण गर्दै अघि बढ्ने तथा पार्टीमा आन्तरिक लोकतन्त्रको सुदृढीकरण गर्न र नेतृत्व विकास एवं हस्तान्तरणको वैज्ञानिक विधि निर्माण गरी लागू गर्न तत्पर रहने प्रतिबद्धता पत्रमा उल्लेख गरिएको छ। राष्ट्रिय एकता सम्मेलनमा प्रस्तुत गरिएको घोषणापत्रमा नवगठित नेपाली कम्युनिस्ट पार्टीले नेतृत्वको विकास र हस्तान्तरणका लागि वैज्ञानिक विधि अपनाउने उल्लेख गरिएको छ।

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) र नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी), नेपाल समाजवादी पार्टी, जनसमाजवादी पार्टी नेपाल, नेपाल समाजवादी पार्टी, नेकपा (समाजवादी), नेपाल कम्युनिस्ट पार्टी, नेकपा माओवादी-समाजवादी, नेकपा (साम्यवादीलगायतका विभिन्न कम्युनिस्ट तथा समाजवादी समूहहरू एकताबद्ध भएर घोषणा गरिएको 'नेपाली कम्युनिट पार्टी'को सम्मेलनबाट संयोजकमा पुष्पकमल दाहाल 'प्रचण्ड' र सहसंयोजकमा माधवकुमार नेपाल चयन गरिएका छन्।

# कम्युनिस्टहरूको एकता अपरिहार्य थियो : खनाल

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) का सम्मानित नेता झलनाथ खनालले कम्युनिस्ट पार्टीबीचको एकता अहिलेको अपरिहार्य आवश्यकता भएको धारणा व्यक्त गरेका छन्। संघीय राजधानी काठमाडौंको भृकुटीमण्डपमा आयोजित नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) र एकीकृत समाजवादीसहित विभिन्न १० वामपन्थी पार्टीबीचको एकता राष्ट्रिय सम्मेलनलाई बुधबार सम्बोधन गर्दै उनले सो कुरा बताएका हुन्।

एकीकृत समाजवादीको तर्फबाट धारणा राख्दै उनले भने 'कम्युनिस्ट पार्टीलाई एकताबद्ध बनाउन चाहन्छौं, पहिलेको परिस्थितिमा वामपन्थीहरूको एकता र सिंगो राष्ट्रको एकता हो र यो आजको आवश्यकता पनि हो।' जनतामा भएको परिवर्तनको भावनालाई कसैले रोक्न नसक्ने बताउँदै उनले नवगठित 'नेपाली कम्युनिस्ट पार्टी'ले जनभावनालाई सम्बोधन गर्ने विश्वास व्यक्त गरे। 'आज नयाँ अवस्थामा पार्टीलाई एकतामा रूपान्तरण गरेका छौं, तत्कालीन अवस्थामा नेपाल कम्युनिस्ट पार्टी (नेकपा) बनायौं, तर किन जोगाउन सकेनौं ? गम्भीर आत्मसमीक्षा गर्नुपर्छ' भन्नेमा उनको जोड थियो।

गल्ती कमजोरी स्वीकार गरेर एकता प्रकियामा आउन सबैमा आह्वान गर्दै उनले कम्युनिस्ट आन्दोलनभित्र देखिएका अन्तर्विरोधलाई समाधान गरेर वैज्ञानिक समाजवादको यात्रामा अघि बढ्नुपर्ने बताए। नवगठित पार्टीमा ५० प्रतिशत युवा प्रतिनिधित्व गराउनुपर्नेमा उनको जोड थियो। कार्यक्रममा नेपाल समाजवादी पार्टीका अध्यक्ष महिन्द्र राय यादवले पार्टी एकताबाट लोकतन्त्र बलियो भएको उल्लेख गर्दै यसका माध्यमबाट देश र जनताको भविष्य उज्वल बन्ने विश्वास व्यक्त गरे। 'जेन-जी' प्रदर्शनपछिको राजनीतिक संक्रमणलाई पार गराउन माओवादी केन्द्रका संयोजक दाहाल र एकीकृत समाजवादीका अध्यक्ष नेपालको नेतृत्वदायी भूमिका रहेको उनको भनाइ थियो।

नेपाल समाजवादी पार्टीका तर्फबाट धारणा राख्दै अध्यक्ष यादवले यही नेतृत्वले मुलुकको आर्थिक र सामाजिक रूपान्तरणको राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने समेत बताए। नेकपा समाजवादीका नेता राजु कार्की, नेपाल कम्युनिस्ट पार्टीका महासचिव चिरन पुनलगायत नेताले समाजवादी क्रान्ति पूरा गर्ने अठोटका साथ नेपाली कम्युनिस्ट पार्टी गठन भएको भन्दै सो पार्टीले समाजवादी आन्दोलनको अभिभारा पूरा गर्ने विश्वास दिलाएका थिए।

कार्यक्रममा माओवादी केन्द्रका राष्ट्रिय महाधिवेशन आयोजक समिति सदस्य देवप्रसाद गुरुङले नवगठित पार्टीको अन्तरिम विधान र घोषणापत्र तथा १८ बुँदे एकताको आधार प्रस्तुत गरेका थिए। उनले सम्मेलनपछि बन्ने केन्द्रीय समितिबाट गठन हुने कार्यदलले राजनीतिक दस्तावेज तयार गर्ने जानकारी दिए भने एकीकृत समाजवादीका उपाध्यक्ष डा बेदुराम भुसालले अन्तरिम विधानका विविध विषयबारे प्रकाश पारेका थिए।

कात्तिक मसान्तभित्र मतदाता नामावलीमा नाम दर्ता गराऔं !

- २०८२ साल फागुन २१ गते हुने निर्वाचनमा मतदान गर्न कात्तिक मसान्तभित्र मतदाता नामावलीमा नाम दर्ता गरौं,
- नाम दर्ता गर्न १६ वर्ष उमेर पुगेको र नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको हुनु पर्दछ,
- नाम दर्ता गर्न **https://applyvr.ecn.gov.np** मा लगइन गरी अनलाइन प्रणालीमार्फत फारम भर्न सकिन्छ,
- आफूलाई पायक पर्ने निर्वाचन कार्यालयमा गएर जैविक विवरण (फोटो, औंठाछाप) दिनु पर्दछ,
- आफू बसेको स्थानबाटै मतदान गर्ने भए बसाइँसराइको प्रमाणपत्र अनिवार्य पेस गर्नु पर्दछ,
- १८ वर्ष उमेर पूरा भएका, नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त प्रत्येक नेपाली नागरिकले मात्र मतदानमा सहभागी हुन पाउने छन् ।

मतदान गर्नु नागरिकको अधिकार मात्र होइन, कर्तव्य पनि हो; तसर्थ, फागुन २१ को निर्वाचनमा मतदान गर्न तयार होऔ !

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम)** [९८४९६००२०९] बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने** [९८४६५२८५०२]
**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं